नेपाल चेम्बर अफ कमर्सको मासिक प्रकाशन
वर्ष ३७ अंक ११, २०६१ चैत्र

# चेम्बर पत्रिका

A Monthly Publication of Nepal Chamber of Commerce
Vol. 37 Issue 11 April 2005
Aa.Ka.Wa.Aa. Reg. No. 20/024/25 Ba.Aa. Postal Reg. No. 2/024

## चेम्बर स्वर्ण महोत्सव समापन तथा ५२ औं वार्षिक साधारण सभा आज

## श्री ५ युवराजाधिराज पारसबाट समुद्घाटन सुसम्पन्न हुने

काठमाण्डौं, २०६१ चैत्र २१

श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाहदेव सरकारबाट चैत्र २२ गते वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा आयोजित एक विषेश समारोहबीच नेपाल चेम्बर अफ कमर्सको स्वर्ण महोत्सव समारोहको समापन तथा ५२ औं वार्षिक साधारण सभाको समुद्घाटन गरिबक्सने कार्यक्रम रहेको छ ।

समुद्घाटन समारोहको विशेष अवसरमा श्री ५ युवराज्ञी हिमानी राज्य लक्ष्मी देवी शाह सरिक होइबक्सने छ । कार्यक्रम अनुसार, श्री ५ युवराजाधिराज सरकार तथा श्री ५ युवराज्ञी सरकार समारोह स्थलमा सवारी होइबक्सदा चेम्बर अध्यक्ष राजेश काजी श्रेष्ठ, चेम्बर पदाधिकारीहरु तथा कार्यसमिति सदस्यहरुले मौसुफहरुका जुनाफमा पुष्प-गुच्छा चढाई स्वागत अभिवादन गर्नु हुनेछ ।

सो अवसरमा चेम्बरका महासचिव सुरेश कुमार बस्नेतले मौसुफहरुका जुनाफमा समुद्घाटन कार्यक्रम पुस्तिका चढाउनु हुनेछ ।



श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाहदेव

समुद्घाटन समारोहको विशेष अवसरमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेश काजी श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नु हुनेछ । तत्पश्चात, श्री ५ युवराजाधिराज सरकार तथा श्री ५ युवराज्ञी सरकारका जुनाफमा स्वर्ण महोत्सव समारोह समितिका सदस्य-सचिव सुरेन्द्र वीर मालाकारले स्वर्ण महोत्सवसम्बन्धी संक्षिप्त प्रगति विवरण चढाउनु हुनेछ ।

उक्त समारोहमा श्री ५ युवराजाधिराजबाट चेम्बर स्वर्ण महोत्सवको अवसरमा प्रकाशित हुलाक टिकटको विशेष आवरण कार्डमा बाहुली निशान बक्सनुका साथै चेम्बरको संस्थागत विकास एवं मुलुकको आर्थिक विकासमा विशेष योगदान पुऱ्याउने संघ-संस्था एवं महानुभावहरुलाई सम्मान प्रदान गरिबक्सने छ ।

सो अवसरमा मौसुफहरुबाट चेम्बर पदाधिकारीहरु तथा विशिष्ठ अतिथिहरुलाई सामूहिक दर्शन भेट बक्सनुका साथै चेम्बरद्वारा आयोजित जलपान समारोहमा सरिक होइबक्सने छ ।

## आईसिसिले एकरुपतामा आधारित उत्पत्ति प्रमाणपत्र विकास गर्ने

पेरिस, २०६१ चैत्र ४

आइसिसिको विश्व वाणिज्य महासंघ (ICC- World Chambers Federation) ले गरेको दुईटा अध्ययनबाट विश्वका सिमित मुलुकहरुमा मात्र स्पष्ट प्रक्रियामा आधारित स्तरिय उत्पत्तिको प्रमाणपत्र जारी हुनेगरेको तथ्य सार्बजनिक भएको छ ।

२००३/०४ मा सम्पन्न उक्त अध्ययनका लागि विश्वका दुईसय भन्दा बढी मुलुकहरुबाट उत्पत्तिको प्रमाणपत्र जारी गर्ने प्रक्रियाका सन्दर्भमा सूचना संकलन गएिको थियो ।

आईसिसिका अनुसार उत्पत्ति प्रमाण पत्र भन्नाले "निर्यात गर्न लागिएको कुनै पनि बस्तु उक्त देशमा उत्पादित, निर्मित वा प्रशोधित हो" भनि सम्बद्ध देशका चेम्बरले प्रमाणित गर्ने आधिकारिक कागजात हो ।

उक्त अध्ययन अनुसार विश्वका विभिन्न चेम्बरहरुमा प्रत्येक दिन अन्तर्राष्ट्रिय व्यापारमा संलग्न कम्पनिहरुबाट हजारौंको संख्यामा खेपचलानी (Shipment) सम्बन्धी कागजात प्राप्त हुन्छन् । तर ती सबैजसो कागजात एटिए कार्नेट प्रणालीमा नभई परम्परागत प्रक्रियामा आधारित हुने गरेका छन् ।

हाल विश्व वाणिज्य महासंघको पहलमा ६२ मुलुकहरुमा एटिए कार्नेट प्रणालीको प्रभावकारी प्रयोग हुँदै आएको छ । तर, उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा भने यस्तो कुनै सञ्जाल निर्माण हुन सकेको छैन ।

आइसिसिका अनुसार, उत्पत्तिको प्रमाणपत्र जारी गर्ने काममार्फत चेम्बरहरुले अन्तर्राष्ट्रिय व्यापारको सहजीकरणमा अत्यन्त उल्लेखनीय भूमिका खेल्दै आएका छन् । सबै देशहरुमा एकरुपतामा आधारित उत्पत्तिको प्रमाणपत्र जारी गर्न सकिएमा चेम्बरहरुले अन्तर्राष्ट्रिय व्यापारमा पुऱ्याउँदै आएको योगदान थप प्रभावकारी हुनेछ ।

विश्वका सबै चेम्बरहरुले जारी गर्ने उत्पत्तिको प्रमाणपत्रलाई एकरुपता दिने उद्देश्यले विश्व वाणिज्य महासघंले हालै एक उच्चस्तरिय कार्यदल गठन गरेको छ । सो कार्यदलले एकरुपतामा आधारित उत्पत्तिको प्रमाणपत्र विकास गरी च्याम्बरले जारी गर्ने कागजातको उपादेयतालाई अभिबृद्धि गर्ने छ ।

सो कार्यदलले अन्तर्राष्ट्रिय मापदण्डमा आधारित उत्पत्ति प्रमाणपत्र सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरी चेम्बरद्वारा जारी हुने उत्पत्ति प्रमाणपत्रलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने तथा चेम्बरहरुलाई उत्पत्ति प्रमाणपत्र तथा व्यापारीक कागतजात जारी गर्न चाहिने नविनतम प्रविधिको प्रयोग र पहिचान गर्न सहयोग गर्ने छ ।

*सम्पादकीय*

## चेम्बर अभियानका ५२ वर्ष

*मुलुकमा चेम्बर अभियानको थालनी गर्ने निजी क्षेत्रको प्रतिनिधि संस्था नेपाल चेम्बर अफ कमर्सको ५२ औं साधारण सभासँगै मुलुकको चेम्बर अभियानले पनि ५२ औं वर्ष प्रवेश गरेको छ ।*

*मुलुकको उद्योग एवं वाणिज्य-व्यापारको प्रवर्द्धन तथा नेपाली उद्यमी-व्यवसायीहरुको हक-हितका उद्देश्यले स्थापित वणिक मण्डलको नामाकरण २०१० सालमा सम्पन्न अखिल नेपाल व्यापार संघको प्रथम सम्मेलनबाट नेपाल चेम्बर अफ कमर्स गरिएपछि मुलुकको चेम्बर आभियानको दायरा झन् फराकिलो हुन पुग्यो ।*

*उद्योग, वाणिज्य र व्यापार प्रर्वद्धनलाई आफ्नो लक्ष्यको बृतमा राखी क्रियाशील चेम्बरको सामु बदलिदो विश्व अर्थ व्यवस्था तथा उद्योग वाणिज्यको परिवर्तित स्वरुपसँगै नयाँ चुनौतीहरु देखा परे ।*

*यस अवधिमा उद्योग तथा व्यापार-वाणिज्यको विस्तारसँगै देखा परेको व्यावसायीक कृषि, पर्यटन तथा सेवा व्यापारलाई समेत प्रबर्द्धन गर्ने प्रयाससँगै चेम्बरले सामाजिक सेवालाई समेत आफ्नो सरोकारको क्षेत्र बनायो ।*

*स्पष्ट दृष्टिकोण, दायित्व बोध र व्यावसायिक एकताको आधारभूमिमा क्रियाशील निजी क्षेत्रको सक्षम नेतृतवले आफ्नो कार्यशैली, सांगठनिक प्रभावको कारण आफू सामु उभिएका चुनौतीहरुलाई अवसरको रुपमा परिणत गर्दै नवितनम उपलब्धि हासिल गर्दै गयो ।*

*वि.सं. २०२२ सालसम्म आइपुग्दा चेम्बर अभियान मुलुकका विभिन्न स्थानमा फैलिइसकेको थियो र केन्द्रिय संघको रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुमा निजी क्षेत्रको प्रतिनिधित्व गर्न सुरुगरिसकेको थियो ।*

*चेम्बरले मुलुकको उद्योग, व्यापार तथा व्यवसायको विस्तारको क्रमसंगै क्षेत्रको बस्तुगत हित प्रवर्द्धन र विकासको प्रयासलाई थप प्राथमिकता दियो । खास बस्तु वा क्षेत्रका लागि सम्बन्धित क्षेत्रबाट नै विशेष प्रयास हुनु पर्ने आवश्यकता महशुस गरी चेम्बरले बस्तुगत संघहरु स्थापनाका लागि सम्बद्ध व्यवसायीहरुलाई अभिप्रेरित गऱ्यो ।*

*विभिन्न जिल्लाका उद्योग वाणिज्यसंघ, वैदेशीक चेम्बर, द्विराष्ट्रिय चेम्बर, बस्तुगत संघहरुसँगको सम्बन्धलाई सुमधुर बनाउदै हाल चेम्बरले देशभित्र र बाहिर आफ्नो पहिचानलाई प्रशंसनिय उच्चाई दिएको छ ।*

*२०५९ लाई आफ्नो स्वर्णमहोत्सव वर्षको रुपमा मनाइ सकेको यो गरिमामय संस्थाले बदलिदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँगै विश्व व्यापार संगठन, साफ्टा र विमस्टेक जस्ता अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरुमा नेपालको प्रवेशको आवश्यकता एवं ती संगठनहरुबाट नेपालले लिनसक्ने तुलनात्मक तथा प्रष्पिर्धात्मक फाइदाका बारेमा व्यापक वहस र अन्तरक्रिया सम्पन्न गर्दै आएको छ ।*

*यसरी ५२ वर्षको गौरवमय यात्रा पार गरेको नेपाल चेम्बर अफ कमर्स तथा मुलुकको चेम्बर अभियान सामु आज पनि तमाम चुनौतीहरु छन् । विगतको गहन अनुभव, वर्तमानको सांगठनिक वल र नेतृत्व क्षमतालाई हेर्दा नेपालको चेम्बर अभियानले समग्र चुनौतीहरुलाई अवसरमा परिणत गर्दै आफ्नो प्रभावकारी पाइला अघि सार्ने विश्वास लिन सकिन्छ ।*

# सरकारी प्राथमिकतामा आर्थिक विकास, शान्ति र भ्रष्टचारमुक्त समाज : उपाध्यक्ष डा. गिरी

काठमाण्डौ, २०६१ फागनु १९

मन्त्रीपरिषदका उपाध्यक्ष डा. तुलसी गिरीले श्री ५ को सरकारले शान्ति-सुरक्षा, आर्थिक विकास र भ्रष्टाचारमुक्त समाजको निर्माणलाई उच्च प्राथमिकता दिने बताउनु भएको छ ।



नेपाल चेम्बर अफ कमर्सको प्रतिनिधि मण्डलसँग कुराकानी गर्दै डा. गिरीले दीर्घकालिन शान्ति कायम गर्न सकिएमा मुलुकले व्यापार, वाणिज्य तथा सामाजिक क्षेत्रमा उल्लेखनीय प्रगति गर्ने विश्वास व्यक्त गर्नु भयो ।



दीगो शान्ति र औद्योगिक विकासकालागि सरकार तथा निजी क्षेत्रबीच सहकार्य हुनुपर्नेमा जोडदिदै डा. गिरीले हालैका दिनमा अत्यावश्यक बस्तुको आपूर्तिमा देखा परेको समस्या निराकरणकालागि निजी क्षेत्रको प्रभावकारी सहयोगको आवश्यकतामा समेत जोड दिनु भयो ।

सो अवसरमा बोल्दै चेम्बर अध्यक्ष राजेश काजी श्रेष्ठले मुलुकमा विद्यमान द्वन्द्वको कारण स्वेदशी तथा वैदेशीक लगानी निरुत्साहित भएको बताउँदै सरकारले व्यावसायीक वातावरणको सिर्जना गरी व्यावसायीक आत्म विश्वास अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु ल्याउनु पर्नेमा जोड दिनु भयो ।

दीर्घकालिन शान्तिका सन्दर्भमा मुलुकको निजी क्षेत्र गम्भिर रहदै आएको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले अधिराज्यभरी खाद्यान्न तथा निमार्ण सामग्री एवं औद्योगिक कच्चा पदार्थको आपूर्ति व्यवस्थालाई सर्बसुलभ बनाउन तथा आयात निर्यातलाई प्रभावकारी बनाउन सरकार-निजी क्षेत्रबीच प्रभावकारी समन्वय हुनुपर्ने बताउनु भयो ।

अध्यक्ष श्रेष्ठले श्री ५ को सरकारका विभिन्न विभाग तथा निकायबाट हुने कुनै पनि अनुगमन प्रक्रियालाई व्यवसाय-मैत्री बनाइनु पर्ने, भ्याट तथा राजस्व सम्बन्धी गतिविधि संयमीत र चरणबद्ध हुनु पर्ने तथा निजी क्षेत्रलाई अनावश्यक प्रशासनीक उल्झनबाट मुक्त गरीनु पर्नेमा समेत जोड दिनु भयो ।



प्रमण्डलमा चेम्बरका निवर्तमान अध्यक्ष महेश कुमार अग्रवाल, उपाध्यक्षद्वय जगदीश प्रसाद खेतान तथा सुरेन्द्र वीर मालाकार, महासचिव सुरेश कुमार बस्नेत, कोषाध्यक्ष मान वहादुर श्रेष्ठ, सचिव किशोर कुमार अग्रवाल लगायत चेम्बर कार्यसमितिका सदस्यहरु सामेल हुनुहुन्थ्यो ।

# सरकार आर्थिक सिथिलताप्रति संवेदनशील: उपाध्यक्ष बिष्ट

काठमाण्डौ, २०६१ फागनु १७

मन्त्रीपरिषदका उपाध्यक्ष किर्तिनिधी बिष्टले श्री ५ को सरकार मुलुकको आर्थिक गतिविधिमा आएको सिथिलताप्रति अत्यन्त संवेदनशील रहेको बताउनु भएको छ ।

नेपाल चेम्बर अफ कमर्सको प्रतिनिधि मण्डलसँग कुराकानीका क्रममा उपाध्यक्ष बिष्टले दीगो शान्ति र आर्थिक विकासविना देशले लक्षित उद्देश्य पुरागर्न नसक्ने उल्लेख गर्दै शान्ति र आर्थिक समुन्नतीका लागि सरकार तथा निजी क्षेत्रबीच सहकार्य हुनु पर्ने बताउनु भयो ।







सो अवसरमा बोल्दै चेम्बर अध्यक्ष राजेश काजी श्रेष्ठले अधिराज्यभरीको आपूर्ति व्यवस्थालाई सर्बसुलभ बनाउन श्री ५ को सरकारले निजी क्षेत्रसँग प्रभावकारी समन्वय गर्नु पर्ने, मुलुकमा व्यावसायीक वातावरणको सिर्जना गर्नु पर्ने तथा व्यावसायीक आत्म विश्वास अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु ल्याउनु पर्नेमा जोड दिनु भयो ।

अध्यक्ष श्रेष्ठले अत्यावश्यक खाद्य सामग्री, निर्माण सामग्री तथा औद्योगिक कच्चा पदार्थहरुको सहज आपूर्ति एवं आयात निर्यातको निर्वाध सञ्चालनका लागि सरकारले थप गम्भिरता पूर्बक काम गर्नुपर्ने र राजस्व अनुगमनलाई व्यवसाय-मैत्री बनाई करदाता शिक्षा अभिबृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गर्नु भयो । अध्यक्ष श्रेष्ठले भ्याट दरको बृद्धि र पेट्रोलियम पदार्थको मूल्य बृद्धिको कारण ५० प्रतिशत महंगीको भार खप्नु परेका आम उपभोक्ताहरुका लागि राहत प्याकेज ल्याइनु पर्नेमा जोड दिंदै मूल्यस्थिरताका लागि सरकारले भ्याट कार्यदललाई सक्रिय पारी भ्याट दर घटाउनु पर्नेमा समेत जोड दिनु भएको थियो । चेम्बर प्रतिनिधि मण्डलमा चेम्बरका निवर्तमान अध्यक्ष महेश कुमार अग्रवाल, उपाध्यक्ष जगदीश प्रसाद खेतान, महासचिव सुरेश कुमार बस्नेत, कोषाध्यक्ष मान वहादुर श्रेष्ठ लगायत चेम्बर कार्यसमितिका सदस्यहरु सामेल हुनुहुन्थ्यो ।

# बंगलादेशी हवाई पर्यटकलाई नेपाल प्रवेशका लागि नि:शुल्क भिसा

काठमाडौं, २०६१ फागुन २४

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. भोजराज घिमिरेले क्षेत्रीय पर्यटनलाई बढावा दिन हवाईमार्ग हुंदै नेपाल प्रवेश गर्ने बंगलादेशी पर्यटकलाई नेपालले नि:शुल्क भिसा उपलब्ध गराइसकेको जानकारी दिनुभएको छ ।

नेपाल पर्यटन बोर्डले बंगलादेशको राजधानी ढाकामा आयोजना गरेको 'नेपालमा पर्यटन' विषयक पत्रकार सम्मेलनमा बोल्दै सचिव डा. घिमिरेले उक्त जानकारी दिनुभएको हो । काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आइपुग्ने बंगलादेशी पर्यटकहरुलाई मात्र उक्त नि:शुल्क भिसाको व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

पर्यटन बोर्डका अनुसार सो सम्मेलन बोर्डद्धारा ढाकामा आयोजना गरिएको पहिलो सम्मेलन हो । 'ढाका पर्यटन मेला-२००५' को पूर्वसन्ध्यामा आयोजित उक्त सम्मेलनमा बोल्दै सचिव डा. घिमिरेले भन्नुभयो- 'नेपालले टाढाका ठूला र धनी राष्ट्रसँग मात्र नभई आफ्ना छिमेकी राष्ट्रसँग पनि विकासका लागि सहकार्य गर्नेछ ।' ढाका पर्यटन मेलापछि नेपालले दुवै देशको अन्तर-सीमा पर्यटनको विकासमा सहकार्य गर्दै जाने तथा बढीभन्दा बढी बंगलादेशी पर्यटक नेपालमा भित्र्याउन प्रयास गर्ने समेत उहाँले बताउनुभयो । उहाँले दुवै देशको हवाई सम्बन्धलाई चाँडै नै पुनरावलोकन गरिने जानकारी दिंदै त्यसबाट दुवै तर्फका उडानमा वृद्धि भई पर्यटक आगमन बढ्ने धारणा राख्नुभएको थियो ।

सो अवसरमा बंगलादेशका लागि शाही नेपाली राजदूत भगिरथ बस्नेतले नेपाल पर्यटकका लागि सुरक्षित गन्तव्य भएका कारण नेपाल आउने कुनै पनि पर्यटक कसैको निशाना बन्नुनपरेको प्रस्ट पार्नुभयो ।

सार्क राष्ट्रसँगको नेपालको व्यापार सम्बन्धमा बंगलादेशले दोस्रो ठूलो स्थान हासिल गरिसकेको एवम् आगामी दिनमा बंगलादेशी पर्यटकको नेपाल आगमनमा उल्लेख्य वृद्धि हुने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो ।

पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत टेकबहादुर डाँगीले नेपालका विविध पर्यटकीय आकर्षणका कारण निकट भविष्यमा नेपाल बंगलादेशी पर्यटकको रुचाइएको गन्तव्य बन्ने आशा व्यक्त गर्नुभयो ।

# डब्ल्यूटिओबाट फाइदा लिन निजी क्षेत्रको दक्षता विकास अत्यावश्यक

काठमाण्डौ, २०६१ फागनु १४

तूलनात्मक र प्रतिष्पर्धात्मक लाभका बस्तुहरुको प्रभावकारी प्रबर्द्धन एवं निजी क्षेत्रको क्षमता विकास विना मुलुकले




विश्वव्यापार संगठनबाट फाइदा लिन नसक्ने कुरा राजधानीमा आयोजित एक



कार्यक्रमका सहभागी वक्ताहरुले व्यक्त गरेका छन् ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल चेम्बर अफ कमर्सले आयोजना गरेको "विश्व व्यापार संगठनको सदस्यताः निजी क्षेत्रको क्षमता विकासको आवश्यकता" विषयक गोष्ठिका अवसरमा बोल्ने सरकारी तथा निजी क्षेत्रका प्रतिनिधिहरुले विश्व व्यापार संगठनको सदस्यताबाट फाइदा लिन सरकार तथा निजी क्षेत्रको सहकार्य र जिवन्त सम्बादमा समेत जोड दिएका छन् ।

गोष्ठिको अवसरमा बोल्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा शंकर शर्माले नेपालले कृषि तथा साना-मझौला उद्योगबाट तूलनात्मक लाभ लिन सक्ने विचार व्यक्त गर्दै निजी क्षेत्रको प्रयास समेत उक्त दुई क्षेत्रको विकासमा केन्द्रित हुनु पर्ने बताउनु भयो ।

"निजी क्षेत्रले व्यावसायीक उत्पादनका लागि आधुनिक प्रविधि, व्यवस्थापन तथा दक्ष जनशक्तिको प्रयोगमा जोड दिनु पर्छ । त्यसका लागि सरकार निजी क्षेत्रलाई प्रविधि हस्तान्तरण र लगानी-मैत्री वातावरण प्रदान गर्न तयार छ," डा शर्माले भन्नुभयो ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेश काजी श्रेष्ठले सदस्यता प्राप्त गरेको एक वर्षको अवधि वितिसक्दा पनि नेपालले विश्व व्यापार संगठनको नीति अनुकुल मुलुकको भन्सार प्रशासन तथा भन्सार दरमा सुधार गर्न नसकेको उल्लेख गर्नुभयो ।

अध्यक्ष श्रेष्ठले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्दा नेपालले व्यक्त गरेको प्रतिबद्धता अनुसार सरकारले प्रतिष्पर्धा कानुन ल्याउन नसकेको, विश्व व्यापार संगठनसँग तादम्यता नभएका करिव तीन दर्जन ऐनहरुमा संसोधन गर्न तथा बौद्धिक सम्पत्ति संरक्षणका विषयमा उल्लेख्य काम गर्न नसकेको उल्लेख गर्नु भयो ।

उहाँले वैदेशीक दातृ निकायहरुले नेपालमा आफ्नो हित अनुकुलको काम नभए सहयोगका हात झिक्ने प्रबृति बढ्दै गएकोमा चिन्ता प्रकट गर्दै सरकारले आर्थिक नीति र कर प्रणाली जस्ता विषयमा दातृ निकाय वा विदेशीहरुलाई भन्दा निजी क्षेत्रको सुझाव र सल्लाहप्रति गम्भिर हुनु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव प्रचण्डमान श्रेष्ठले



विश्व व्यापार संगठनको सदस्यताले नेपाललाई विश्व व्यापारमा प्रवेश गर्न तथा विश्व व्यापारका प्रबृतिहरुबारे जानकारी लिई आफूलाई प्रतिष्पर्धात्मक बनाउन सहयोग पुगेको विचार व्यक्त गर्नु भयो । कार्यक्रमको दोश्रो सत्रमा डा भोलानाथ चालिसेले बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार र नेपाल, डा. सुरेन्द्र भण्डारीले साना तथा मझौला उद्योगको क्षमता विकासका लागि भावी रणनीति र विजेन्द्रमान शाक्यले विश्व व्यापार संगठनमा नेपालः निजी क्षेत्रको भूमिका तथा व्यापार पैरवी विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा चेम्बरका निवर्तमान अध्यक्ष महेश कुमार अग्रवाल, उपाध्यक्षद्वय जगदीश प्रसाद खेतान तथा सुरेन्द्र वीर मालाकार, महासचिव सुरेश कुमार बस्नेत, कोषाध्यक्ष मान वहादुर श्रेष्ठ, उच्चपदस्थ सरकारी कर्मचारीहरु तथा राजधानीस्थित विभिन्न संघ संस्थाका प्रतिनिधिहरु सहभागी हुनुहुन्थ्यो ।

# बिमस्टेकको व्यापार सम्झौता बैठक सम्पन्न

काठमाडौं, २०६१ फागुन २८

बहुक्षेत्रीय प्रविधि तथा आर्थिक सहयोगसम्बन्धी बङ्गाल खाडीको प्रयास (बिमस्टेक) को व्यापार सम्झौता समितिको तेस्रो बैठक राजधानीमा सम्पन्न भएको छ ।

फागनु २५ देखि २७ सम्म चलेको समितिको बैठक नेपालमा पहिलो पटक आयोजना गरिएको हो । समितिको पहिलो र दोस्रो बैठक यसअघि बैंकक (सेप्टेम्बर) र नयाँ दिल्ली (डिसेम्बर) मा सम्पन्न भएको थियो ।

नेपालले २०६० माघ २४-२५ गते थाइल्यान्डको फुकेटमा भएको मन्त्रिस्तरीय सम्मेलनबाट बिमस्टेकको सदस्यता प्राप्त गरेको हो । यसै सम्मेलनले बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्र लागू गर्ने निर्णय गरेको थियो ।

बिमस्टेकका सदस्य राष्ट्रहरू- बङ्गलादेश, भुटान, भारत, म्यान्मा, नेपाल, श्रीलङ्का र थाइल्याण्डका सह-सचिवस्तरीय सो बैठकले बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्रमा प्रवेश गर्नु अगाडि स्पष्ट हुनुपर्ने व्यापारसम्बन्धी सम्झौता, उत्पत्तिको नियम र विवाद समाधान संयन्त्रबारे समान अवधारणा बनाएको छ । सहमति संयत्रमा वस्तु निर्यातमा कोटा प्रणाली, संवेदनशील वस्तुहरूको सूची र भन्सार घटाउने पद्धतिबारे व्यापक छलफल भएको थियो ।

यसअघि फागनु २५ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव भरतबहादुर थापाले एक विशेष समारोहबीच बैठकको समुद्घाटन गर्नु भएको थियो । सो अवसरमा बोल्दै श्री थापाले बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्रमा नेपालले गरेको प्रतिबद्धता क्षेत्रीय व्यापार र आर्थिक एकीकरणको भावनाबाट निर्देशित रहेको विचार व्यक्त गर्नुभएको थियो ।



बिमस्टेक व्यापार सम्झौताका प्रतिनिधिहरुसँग कुरा गर्दै चेम्बर अध्यक्ष

बिमस्टेक व्यापार सम्झौता समितिका अध्यक्ष थावाचाई सेफास्टिनफोङले स्वतन्त्र व्यापार क्षेत्र लागू गर्ने तयारीमा यो बैठकले महत्वपूर्ण निर्णय गर्ने विचार व्यक्त गर्नुभएको थियो ।

उहाँले आपसी हितबाट मात्रै सदस्य राष्ट्रहरूको विकास र आर्थिक एकीकरण हुने भएकाले सम्झौता गर्दा सामूहिक हितमा ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो ।

समुद्घाटन समारोहलाई सम्बोधन गर्दै चेम्बर अध्यक्ष राजेश काजी श्रेष्ठले बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्रले दक्षिण र दक्षिणपूर्वी एसियाली राष्ट्रहरूबीच वस्तु र सेवाको व्यापार तथा लगानी वृद्धिका माध्यमले क्षेत्रीय आर्थिक एकीकरणमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नु भएको थियो ।



रात्री भोजमा सहभागी विदेशी प्रतिनिधिहरु

अध्यक्ष श्रेष्ठले बिमस्टेकले आसियन र सार्कलाई जोड्ने पुलको काम गरिरहेको बताउँदै यसको माध्यमबाट नेपालको सम्बन्ध पूर्व र दक्षिणपूर्वी राष्ट्रहरूतर्फ विस्तार भएको बताउनुभयो ।

## विमस्टेक प्रतिनिधिहरुको सम्मानमा रात्री भोज

नेपाल चेम्बर अफ कमर्सले बहुक्षेत्रीय प्रविधि तथा आर्थिक सहयोगसम्बन्धी बङ्गाल खाडीको प्रयास (बिमस्टेक) को व्यापार सम्झौता समितिको तेस्रो बैठकमा सहभागि देशी तथा विदेशी सहभागीहरुको सम्मानमा रात्रीभोजको आयोजना गरेको थियो ।

रात्री भोजको अवसरमा बङ्गलादेश, भुटान, भारत, म्यान्मा, नेपाल, श्रीलङ्का र थाइल्याण्डबाट नेपाल आउनु भएका सरकारी प्रतिनिधि तथा विदेशी नियोगका उच्चस्तरीय अधिकृतहरु सरिक हुनुहुन्थ्यो ।

रात्रीभोजमा चेम्बर पदाधिकारी तथा कार्यसमिति सदस्यहरु एवं राजधानीस्थित विभिन्न संघ संस्थाका प्रतिनिधिहरु समेत सरिक हुनुहुन्थ्यो ।

# निर्यात प्रबर्द्धनका लागि निर्वाध सवारी आवागमनमा जोड

काठमाण्डौं, २०६१ चैत्र १४

मुलुकको निर्यात प्रणालीलाई गतिशिल एवं विश्वसनिय बनाउने उद्धेश्यले नेपाल चेम्बर अफ कमर्स तथा उपत्यका ट्राफिक प्रहरीका प्रतिनिधिहरूबीच अन्तरक्रिया सम्पन्न भएको छ ।

सो अवसरमा बोल्दै नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठले नेपालको निर्यातसेवालाई द्रुत एवं आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन निर्यातसेवामा संलग्न सवारी साधनहरुलाई निर्वाध आवागमनको सुविधा दिइनुपर्ने बताउनु भयो ।

नेपाली निर्यातकर्ताहरूले उचित समयमा सामानहरूको ढुवानी गर्न नपाएको कारण मुलुकको निर्यात व्यापारमा नकारात्मक असर परिरहेको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले निर्यातकर्ताहरूलाई परिचय पत्र दिनुपर्ने तथा निर्यातमा संलग्न सवारी साधनहरुका लागि विशेष स्टिकरको व्यवस्था गरिनु पर्नेमा जोड दिनु भयो ।

कार्यक्रममा बोल्दै उपत्यका ट्राफिक कार्यालयका वरिष्ठ प्रहरी उपरिक्षक सुरेन्द्र बहादुर पालले ट्राफिक प्रहरी सवारी साधनको निर्वाध आवागमनका लागि क्रियाशील रहेको बताउँदै निर्यातमा संलग्न सवारी साधनको सहज आवागमनका लागि हरसम्भव प्रयास गरिने उल्लेख गर्नु भयो ।

नेफाका अध्यक्ष नामग्याल लामाले मुलुकको निर्यात प्रणालीमा आधुनिकिकरणको आवश्यकता रहेको बताउँदै निर्यातमा संलग्न सवारी साधनहरूलाई सकेसम्म चौबिसै घण्टा सञ्चालन हुन दिनुपर्ने बताउनु भएको थियो ।

सो अवसरमा तरकारी तथा फलफूल व्यवसायी संघका अध्यक्ष गीता प्रसाद आचार्यले स्थानियस्तरमा दैनिक उपभोग्य सामग्रीको आपूर्तिमा देखिएका समस्या तथा तिनको समाधानको लागि राय प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा चेम्बर उपाध्यक्ष सुरेन्द्र वीर मालाकार, महासचिव सुरेश कुमार बस्नेत, कोषाध्यक्ष मानबहादुर श्रेष्ठ तथा कार्यसमिति सदस्यहरु उपस्थित हुनुहुन्थ्यो ।

# राजदूत अक्रमको सम्मानमा विदाई कार्यक्रमको आयोजना



काठमाण्डौ, २०६१ फागुन २७

नेपालका लागि पाकिस्तानी राजदूत जमिर अक्रमले नेपाली चियाको गुणस्तर तथा लोकप्रियतालाई ध्यानमा राखी पाकिस्तानी सरकारले नेपाली चियाको ठूलो मात्रालाई भन्सार-रहित बजार प्रवेश दिएको बताउनु भएको छ। पाकिस्तानी सरकारको उक्त निर्णयसँगै पाकिस्तानी चिया आयातक तथा नेपाली चिया निर्यातकबीच उत्साह छाएको उल्लेख गर्दै राजदूत अक्रमले पाकिस्तानले नेपालसँग स्वतन्त्र व्यापार सहमति गर्ने सदिच्छास्वरुप भन्सार-रहित चिया आयात गर्ने निर्णय गरेको बताउनु भयो।

राजदूत अक्रम चेम्बरद्वारा उहाँको सम्मानमा आयोजित विदाई कार्यक्रमका अवसरमा बोल्दै हुनुहुन्थ्यो।

नेपाली चिया पाकिस्तानमा निर्यात गर्दा ढुवानी प्रक्रिया लामो र महंगो हुने तथ्यप्रति त्यहाँको सरकार सजग रहेको जानकारी दिदै राजदूत अक्रमले नेपाली चियालाई सस्तो भाडादरमा हवाईजहाज मार्फत निर्यात गर्न दिने विषयमा समेत सोचिने जानकारी दिनु भयो।

विदाई कार्यक्रममा बोल्दै चेम्बर अध्यक्ष राजेश काजी श्रेष्ठले राजदूत अक्रमको कार्यकालमा नेपाल-पाकिस्तानबीचको कुटनैतिक तथा द्विपक्षिय व्यापारीक सम्बन्ध प्रगाढ भएको बताउनु भयो।

आगामी दिनमा राजदूत अक्रमको अनुभव र नेपालसँगको मित्रताले नेपाल-पाकिस्तानको बहुपक्षिय सम्बन्ध विस्तारमा सहयोग पुग्ने विश्वास प्रकट गर्दै अध्यक्ष श्रेष्ठले दुई देशबीचको व्यापार अभिबृद्धिका लागि नयाँ विकल्प सोचिनु पर्नेमा समेत जोड दिनु भयो।

सो अवसरमा चेम्बरका निवर्तमान अध्यक्ष महेश कुमार अग्रवाल, उपाध्यक्षद्वय जगदीश प्रसाद खेतान र सुरेन्द्र वीर मालाकार, चेम्बर महासचिव सुरेश कुमार बस्नेत, कोषाध्यक्ष मान बहादुर श्रेष्ठ तथा नेपाल टि एसोसिएशनका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

# हवाईमार्गबाट नेपाल भित्रिने पर्यटकको संख्यामा कमी

काठमाण्डौ, २०६१ फागुन २३

हवाईमार्ग हुँदै सन् २००५ को फेब्रुअरी महिनामा नेपाल आउने पर्यटकको संख्यामा सन् २००४ को सोही अवधिको तुलनामा ४३ प्रतिशतले गिरावट आएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत फेब्रुअरीमा हवाईमार्गबाट कुल १४ हजार १ पर्यटक नेपाल भ्रमणका लागि आएका थिए। तर उक्त संख्या गतवर्षको फेब्रुअुरी महिनाको तुलनामा १० हजार ४ सय ५५ ले कम छ।

सो अवधिमा भारतीय पर्यटकको नेपाल आगमन दरमा ५२ प्रतिशत तथा तेस्रो मुलुकका पर्यटकको आगमन दरमा ३९ प्रतिशतले गिरावट आएको छ।

गत फेब्रुअरीमा कुल ३ हजार २ सय ६६ भारतीय पर्यटकले नेपाल भ्रमण गरेका थिए। अघिल्लो वर्षको सोही महिनामा उक्त संख्या ६ हजार ७ सय ७७ रहेको थियो।

भारतबाहेक तेस्रो मुलुकका कुल १० हजार ७ सय ३५ पर्यटक गत महिना हवाईमार्ग हुँदै नेपाल आएका थिए। सो संख्या अघिल्लो वर्षको सोही समयावधिमा १७ हजार ६ सय ७९ रहेको मन्त्रालयले जनाएको छ।

मुलुकमा पर्यटक आगमन हुने मुख्य राष्ट्रहरु संयुक्त राज्य अमेरिका, बेलायत, जापान, जर्मनी, अस्ट्रेलिया, क्यानडा, फ्रान्स र इटालीका पर्यटकहरुको नेपाल आगमन गत फेब्रुअरीमा उच्च दरमा घटेको छ। गत महिना अमेरिकी पर्यटकको नेपाल आगमन दरमा ३० प्रतिशत, बेलायती पर्यटकको ११, जापानीको ६७, जर्मनको ३९, अस्ट्रेलियालीको ३७, क्यानडेलीको ४३, फ्रान्सेलीको ५२ र इटालियनको २८ प्रतिशतले गिरावट आएको थियो।

तर यता छिमेकी राष्ट्र चीनका पर्यटकको गत महिनाको नेपाल आगमन दरमा भने उल्लेख्य वृद्धि भएको पाइएको छ। अघिल्लो वर्षको फेब्रुअरीको तुलनामा यो वर्षको फेब्रुअरीमा ५२ प्रतिशत बढी चिनियां पर्यटकले नेपाल भ्रमण गरेका थिए। सो महिना चीनमा नयाँ वर्ष परेका कारण नेपाल घुम्न आउने चिनियाँ पर्यटक बढेको मन्त्रालयले स्पष्ट पारेको छ।



गत महिना सार्क राष्ट्रहरु बंगलादेश, पाकिस्तान र श्रीलंकाका पर्यटकको नेपाल आगमन दरमा पनि उच्च गिरावट आएको छ। बंगलादेशी पर्यटकको ५४ प्रतिशत, पाकिस्तानीको ३३ र श्रीलंकालीको पनि ३३ प्रतिशतले नै नेपाल आगमन दरमा गिरावट आएको छ।

सो दरमा गिरावट आउँदा गत फेब्रुअरीमा २ सय २७ बंगलादेशी, ९० पाकिस्तानी तथा ५० श्रीलंकाली पर्यटकले नेपाल भ्रमण गरेका थिए।

गत फेब्रुअरीमा मुलुकको पर्यटक आगमन दरमा आएको उच्च गिरावटले आगामी महिनालाई पनि प्रभाव पार्ने पर्यटन व्यवसायीहरु बताउँछन्।

देशमा व्याप्त असहज परिस्थिति र पर्यटक आगमन हुने मुख्य-मुख्य राष्ट्रहरुद्वारा जारी गरिएका नकारात्मक 'ट्राभल एड्भाइजरी' लगायतका कारणबाट हवाई र स्थल दुवै मार्गबाट नेपाल प्रवेश गर्ने पर्यटकको संख्यामा उच्च दरमा गिरावट आइरहेको अनुमान व्यवसायीहरुको छ।

नेपालमा पर्यटक आगमन हुने मुख्य-मुख्य राष्ट्रहरुमा विदेशी सञ्चारमाध्यमले नेपालसम्बन्धी नकारात्मक समाचार सम्प्रेषण गरेको कारण नै मुलुक भ्रमणमा आउने पर्यटकको संख्यामा सो दरले गिरावट आएको मन्त्रालयले जनाएको छ।

# श्री ५ युवराज्ञीबाट पुष्प व्यापार मेला समुद्घाटन

काठमाडौं २०६१ चैत ९ गते

श्री ५ युवराज्ञी हिमानी राज्यलक्ष्मी देवी शाहबाट भृकुटीमण्डपमा आयोजित पुष्प व्यापार मेला–२०६१ को एक समारोहबीच समुद्घाटन गरिबक्स्यो ।

मौसुफबाट त्यस अवसरमा मेलामा सहभागीमध्ये पुष्प सजावट, उत्कृष्ट बिरुवा, उत्कृष्ट स्टललगायतका पुष्प व्यवसायसँग सम्बन्धित विभिन्न आठ विधाका नर्सरीलाई पुरस्कृत गरिबक्स्यो ।

मौसुफबाट पुष्प व्यवसाय प्रदर्शनीका क्रममा राखिएका विविध नर्सरीका फूल पनि अभिरुचिपूर्वक नजर गरिबक्स्यो । फ्लोरिकल्चर एसोसिएसन अफ नेपाल, नेपाल उद्योग वाणिज्य महासंघ तथा निर्यात प्रवर्द्धन समितिद्वारा संयुक्तरूपमा आयोजित प्रदर्शनीले पुष्प व्यवसायलाई पनि नेपालको एक प्रमुख उद्योगका रूपमा विकास गर्न सकिने सम्भावना देखाएको छ ।

एसोसिएसनका अध्यक्ष मिनर्वा विष्टले नेपालमा पुष्प व्यवसाय पनि प्रमुख आकर्षक उद्यमका रूपमा विकसित भइरहेको बताउँदै बीउबिजन, ढुवानी, शीत भण्डार र बजार प्रबन्धलगायतको व्यवस्था गर्न श्री ५ को सरकारसँग माग गर्नुभयो ।

श्री ५ को सरकारको स्वामित्वमा रहेका खाली जग्गा फूल व्यवसायीलाई भाडामा दिन सकिएमा यसबाट व्यवसाय पनि प्रवर्द्धन हुने र सरकारी राजस्वसमेत बढ्ने बताउँदै उहाँले पुष्प व्यवसाय हाल राजधानी र बाहिर पनि विस्तार भएको जानकारी दिनुभयो ।



चैत्र ८ गतेसम्म सञ्चालित सो प्रदर्शनीमा विभिन्न नर्सरीका गरी ५१ वटा स्टल राखिएका थिए । एसोसिएसनका अनुसार गत वर्ष मात्र फूल व्यवसायबाट नेपालमा २० करोड रुपियाँ बराबरको आर्थिक कारोबार भएको थियो ।

काठमाडौंमा २५० सहित हाल नेपाल अधिराज्यभरि ५०० भन्दा बढी नर्सरी रहेका छन् ।

# राष्ट्र बैंकले बैंकिङ्ग अनुशासनमा जोड दिने



काठमाण्डौं, २०६१ फागनु २४

राष्ट्र बैंकका गभर्नर विजयनाथ भट्टराईले मुलुकमा बैकिङ्ग अनुशासन कायम गर्ने सरकारी प्रयासमा निजी क्षेत्रको सहयोगको अपेक्षा गर्नु भएको छ ।

नेपाल चेम्बर अफ कमर्सको प्रतिनिधि मण्डलसँग कुरा गर्दै गभर्नर भट्टराइले केन्द्रिय बैंकले वाणिज्य बैंकहरुबीचको अस्वस्थ प्रतिष्पर्धा कम गर्न थप कदम चाल्ने बताउँदै बैकिङ्ग स्वास्थ्य कायम गर्ने कामलाई समेत त्यत्तिकै प्राथमिकता दिइने उल्लेख गर्नु भयो ।

भेटघाटका अवसरमा बोल्दै चेम्बर अध्यक्ष राजेश काजी श्रेष्ठले अर्थतन्त्रको क्षेत्रमा देखिएको सिथिलतालाई कम गरी आन्तरिक तथा वाह्य लगानी प्रोत्साहन गरिनु पर्ने तथा व्यावसायीहरुको आत्म विश्वासलाई जोगाउने खालको बैकिङ्ग नीति ल्याइनु पर्नेमा जोड दिनु भयो ।

कर्जा सूचनाको प्रवाह र कालो सूचि सार्बजनिक गर्दा अत्यन्त सुन्तलित नीति अपनाइनु पर्नेमा जोड दिँदै अध्यक्ष श्रेष्ठले आर्थिक नीति निर्माण तथा कार्यान्वियनमा नेपाली निजी क्षेत्र तथा आर्थिक जानिफकारहरुको सल्लाहलाई प्राथमिकता दिइनु पर्नेमा समेत जोड दिनु भयो ।

विश्व व्यापारको प्रकृतिलाई दृष्टिगत गर्दै सेवाको क्षेत्रमा विदेशमा लगानी गर्न चाहने नेपाली लगानीकर्तालाई अनुमति दिइनु पर्ने बताउँदै अध्यक्ष श्रेष्ठले नेपालमा लगानीको वातावरण बनाउन समेत राष्ट्र बैंकको भूमिका हुनुपर्ने उल्लेख गर्नु भयो ।

चेम्बर प्रतिनिधि मण्डलमा चेम्बरका निवर्तमान अध्यक्ष महेश कुमार अग्रवाल, उपाध्यक्ष सुरेन्द्र वीर मालाकार, महासचिव सुरेश कुमार बस्नेत, कोषाध्यक्ष मान वहादुर श्रेष्ठ, सचिव भक्त बहादुर मल्ल लगायत चेम्बर कार्यसमितिका सदस्यहरु सामेल हुनुहुन्थ्यो ।

# बंगलादेशका थप तीन नाका खोल्न प्रयास गरिने

विराटनगर, २०६१ चैत्र ५

नेपाल–बंगलादेशबीचको द्विपक्षीय व्यापार वृद्धि गर्न थप तीनवटा नाकाहरु खुल्ला गर्न दुवै राष्ट्रका उद्यमी व्यवसायीहरुले साझा प्रयास गर्ने भएका छन् ।

उद्योग संगठन मोरङ्गका अध्यक्ष किशोर प्रधानको नेतृत्वमा बंगलादेश गएको ५ सदस्यीय नेपाली उद्यमी व्यवसायीहरुको प्रतिनिधिमण्डल र बंगलादेशका उद्यमी व्यवसायीहरुबीच नाकाहरु थप गर्न साझा प्रयास अघि बढाउने सहमति भएको हो ।

संगठनका अनुसार हिल्ली, च्याँग्राबन्द र सोनामस्जिद नाका आयात निर्यातका लागि खुल्ला गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । भारतसँग सीमा जोडिएका ती नाकाहरु नेपाल–बंगलादेशबीचको द्विपक्षीय व्यापारका लागि खुल्ला गर्न भारतको सहमति आवश्यक छ । हाल नेपाल र बंगलादेशबीच फूलबारी मार्ग र राधिकापुर नाका गरी दुई नाकाबाट मात्र व्यापार हुँदै आएको छ ।

बंगलादेशको राजशाही उवासंघको निमन्त्रणा तथा बंगलादेशी राजदूत हुमायु कविरको संयोजनमा भ्रमणमा गएको टोलीले बंगलाबन्ध फूलबारीमा निर्माणाधीन भौतिक पूर्वाधारको निरीक्षण, पञ्चगढ र दिनाजपुरको भ्रमण गरेको थियो ।

# पुग्नै पर्ने दश गन्तव्यस्थलको सूचिमा सगरमाथा



काठमाण्डौं, २०६१ फागनु २६

जीवनमा एक पटक पुग्नै पर्ने विश्वका उत्कृष्ट १० गन्तव्यस्थलको सूचीमा नेपालको सगरमाथा आधारशिविर सातौं स्थानमा परेको छ ।

बेलायतको प्रसिद्ध व्यावसायिक अनलाइन ट्राभल एजेन्ट– आइएक्सप्लोरको एक वर्षको सर्वेक्षणपछि हालै सार्वजनिक गरेको सूचीमा विश्वको सर्वोच्च शिखर सगरमाथाको आधारशिविर सो स्थानमा परेको हो ।

उक्त गौरवपूर्ण सूचीमा सूचीकृत हुनेमा नेपाल एक मात्र दक्षिण एसियाली राष्ट्र भएको छ । गत वर्ष पनि बेलायतको सर्वाधिक लोकप्रिय पत्रिका 'दि अब्जर्भर' ले जीवनमा एक पटक भ्रमण गर्नैपर्ने संसारका उत्कृष्ट २० गन्तव्यको सूचीमा पनि सगरमाथा आधारशिविर सातौं स्थानमा परेको थियो ।

आइएक्सप्लोरको उक्त सूचीमा उत्तरी ध्रुवमा स्याम्पेन फ्लाइट गर्ने साहसिक कार्यले पहिलो स्थान प्राप्त गरेको छ भने दोस्रो स्थानमा तिम्बुक्तु (माली) को पदयात्रा परेको छ । त्यस्तै तेस्रो स्थान पानामा नहरको कायाकिङले प्राप्त गरेको छ ।

**उत्कृष्ट १० गन्तव्यस्थल**

- ❖ उत्तरी ध्रुवकोस्याम्पेन फ्लाइट
- ❖ तिम्बुक्तु (माली) को पदयात्रा
- ❖ पानामा नहरको कायाकिङ
- ❖ गोबी मरुभूमिका मंगोलियन परिवारसंगको बसाई
- ❖ दक्षिण अफ्रिकामा पाइने ठूला सेता सार्कसंगको पौडी
- ❖ सहारा मरुभूमिको उँट यात्रा
- ❖ सगरमा आधारशिवरसम्मको पदयात्रा
- ❖ आइसल्यान्डको तातोपानीमा बसन्तस्नान




- ❖ तान्जानियाको सेरेङगेटीमा बेलुन उडान
- ❖ अमेजन जगंगलको पैदलयात्रा

यसैगरी चौथो स्थान गोबी मरुभूमिमा मंगोलियन परिवारसंग बस्नु, पांचौं स्थान दक्षिण अफ्रिकामा ठूला सेता सार्क माछासंग पौडनु, छैटौंमा ऊंट चढेर सहारा मरुभूमि पार गर्नु र सातौं स्थान सगरमाथा आधारशिवरसम्मको पदयात्रा प्राप्त गर्न सफल भएको छ । सो सूचीको आठौं स्थानमा वसन्तऋतुमा आइसल्यान्डको तातोपानीमा नुहाउने, नवौंमा तान्जानियाको सेरेङगेटीमा बेलुनमा उड्ने तथा दशौं स्थान अमेजनको जगंगलमा पैदलयात्रा गर्नुले प्राप्त गरेको छ ।

सन् १९९९ मा बेलायतमा खोलिएको आइएक्सप्लोरले संसारभरका उत्कृष्ट मानवनिर्मित तथा प्राकृतिक पर्यटकीय गन्तव्यहरुको सर्वेक्षण गर्ने गरेको छ । आइएक्सप्लोरका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत जर्ज डिबले साहसिक पर्यटन अहिलेको पुस्ताको उत्कृष्ट रोजाइ भएकै कारण संसारका ती १० वटा उत्कृष्ट ठाउंको सूची तयार गरेको बताउनु भएको छ ।

## चेम्बर प्रमण्डलद्वारा उद्योग वाणिज्य सचिवसँग भेटघाट

काठमाण्डौ, २०६१ चैत्र ११

नेपाल चेम्बर अफ कमर्सको प्रतिनिधि मण्डलले नवनियुक्त उद्योग वाणिज्य तथा आपूर्ति सचिव भरत बहादुर थापालाई भेटी समसामयीक विषयमा छलफल गरेको छ ।

छलफल कार्यक्रमका अवसरमा बोल्दै चेम्बर अध्यक्ष राजेश काजी श्रेष्ठले श्री ५ को सरकारले मुलुकको आपूर्ति व्यवस्थालाई सर्बसुलभ बनाउन खेल्दै आएको भूमिकालाई थप प्रभावकारी बनाउन निजी क्षेत्रसँग प्रभावकारी समन्वय गर्नु पर्ने एवं मुलुकमा व्यावसायीक वातावरण कायम गर्न अनुगमन प्रणालीलाई संयमित र चरणबद्ध गरिनु पर्नेमा जोड दिनु भयो ।

अध्यक्ष श्रेष्ठले मुलुकको आयात-निर्यात प्रणालीलाई प्रभावकारी बनाउन, नेपाली उत्पादनको बजार विविधिकरण गर्न तथा प्रत्यक्ष वैदेशीक लगानी भित्र्याउनका लागि सरकारले कुटनिती एवं आर्थिक कुटनीतिको प्रभावकारी प्रयोग गर्नु पर्नेमा समेत जोड दिनु भएको थियो ।

भेटघाटका अवसरमा बोल्दै उद्योग वाणिज्य तथा आपूर्ति सचिव थापाले सरकार प्रभावकारी आपूर्ति व्यवस्थाका लागि निजी क्षेत्रको सहयोगको अपेक्षा गरिरहेको उल्लेख गर्दै उपभोक्ताको मागलाई ध्यानमा राखी निजी क्षेत्रले समेत उपभोग्य सामाग्रीको विक्रिवितरण तथा आपूर्तिलाई चुस्त दुरुस्त बनाउन थप पहल गर्नु पर्ने बताउनु भएको थियो ।

सो अवसरमा चेम्बरका निर्वतमान अध्यक्ष महेश कुमार अग्रवाल, महासचिव सुरेश कुमार बस्नेत, कोषाध्यक्ष मान बहादुर श्रेष्ठ तथा चेम्बर राजस्व समितिका सभापति हिम बहादुर रावलको उपस्थिति रहेको थियो ।

## नेपाली पश्मिनाको निर्यात सुधारोन्मुख

काठमाडौ, २०६१ फागुन २२

हस्तकलाका विभिन्न सामग्रीको कुल निकासीमा सबैभन्दा बढी स्थान ओगट्ने पश्मिना निर्यातमा सुधारको सङ्केत देखापरेको छ ।

चालू आर्थिक वर्षको सात महिनामा गत वर्षको सोही अवधिको तुलनामा पश्मिना निर्यातमा नौ प्रतिशतले वृद्धि भएको नेपाल हस्तकला उद्योग सङ्घको तथ्याङ्कले देखाएको छ ।

गत तीन/चार वर्षदेखि पश्मिना निकासीमा लगातार गिरावट आएको थियो । तथ्यांक अनुसार पश्मिनाले हस्तकलाका वस्तुहरूको कुल निकासीको २९ प्रतिशत स्थान ओगट्ने गरेको छ ।

गत आर्थिक वर्षको छ महिनामा ३९ करोड १३ लाख ७८ हजार ५८६ रुपियाँ बराबरको पश्मिना निकासी भएकोमा चालू आ.व.को सात महिनाको अवधिमा ४२ करोड ७८ लाख पाँच हजार ५०६ रुपियाँ बराबरको निकासी भएको छ ।

आ.व. २०५६/५७ सम्म एकदमै राम्रो रहेको पश्मिना व्यापारमा आ.व. २०५७/५८ बाट गिरावट शुरु भएको थियो । एक तथ्यांक अनुसार आर्थिक वर्ष २०५८/५९ मा पश्मिना निर्यातमा एक्कासि ७५ प्रतिशतले गिरावट आएको थियो ।

यसैगरी, आर्थिक वर्ष २०५९/६० मा ३० प्रतिशतले गिरावट आएको थियो भने आ.व. २०६०/६१ मा ३४ प्रतिशतले निर्यात घटेको थियो । तर चालू आ.व.को हालसम्मको निकासीको अवस्था निकै उत्साहप्रद देखिएको छ ।

नेपालमा उत्पादित पश्मिना निकासी हुने मुख्य मुलुकहरू अमेरिका, जर्मनी, जापान, बेलायत, इटाली, क्यानाडा, फ्रान्स, भारत, नेदरल्यान्ड र चीनको तिब्बत हुन् । यीमध्ये सबैभन्दा बढी निर्यात हुने मुलुक अमेरिका हो । कुल पश्मिना निकासीको १२ प्रतिशत अमेरिकामा निर्यात हुने गरेको बताइन्छ ।

# मुलुकको चेम्बर अभियान छैठौं दशकमा

### पृष्ठभूमि

नेपाल चेम्बर अफ कमर्स मुलुकको उद्योग वाणिज्य क्षेत्रमा निजी क्षेत्रको पहिलो संस्था हो । वि.सं. २००७ सालमा मुलुकमा प्रजातन्त्रको अभ्युदय भएको लगत्तै प्रजातन्त्रको प्रवर्द्धक राष्ट्रपिता श्री ५ त्रिभुवनको प्रत्यक्ष सम्पर्क र प्रोत्साहनबाट राजधानीका प्रवुद्ध उद्योगी, व्यापारीहरुबाट "वणिक मण्डल" स्थापना गरियो । २००९ सालमा सोही संस्था "नेपाल चेम्बर अफ कमर्स"को नामबाट श्री ५ को सरकारमा दर्ता भयो ।

नेपाल चेम्बर अफ कमर्सले २००९ साललाई आफ्नो स्थापनाको आधार वर्ष मानेर वि.सं. २०५९ लाई स्वर्ण महोत्सव वर्ष घोषणा गरी विभिन्न कार्यक्रमहरु सुसम्पन्न गऱ्यो । नेपाल चेम्बरको स्थापना पश्चात नै मुलुकमा चेम्बर अभियानको शुरुवात भएकोले वस्तुतः उक्त वर्ष मुलुककै समग्र चेम्बर अभियानको स्वर्ण महोत्सव वर्ष हो । तसर्थः उक्त महोत्सवलाई सम्पूर्ण उद्योग वाणिज्य क्षेत्रको साझा पर्वको रुपमा सबैको सहयोग र सहभागितामा कार्यक्रमहरु संचालन गरिएको थियो ।

स्वर्ण महोत्सवको कार्यक्रम २०५९ बैशाख २ गते शुभारम्भ गरिएको थियो । मुलुकमा व्याप्त आर्थिक शिथिलतालाई हृदयंगम गरी स्वर्ण महोत्सवका कार्यक्रममा यथासक्य मितव्ययिता अवलम्बन गरिएको थियो । यस ऐतिहासिक महोत्सवका अवसरमा सुसम्पन्न हुने कार्यक्रमलाई रोचक, ठोस, रचनात्मक, स्थायी र सर्वोपयोगी बनाउने सम्पूर्ण प्रयास गरिएको थियो ।

### श्री ५ बाट शुभकामना संदेश बक्स

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारबाट नेपाल चेम्बर अफ कमर्सको स्वर्ण महोत्सव शुभारम्भका सुअवसरमा शुभकामना संदेश बक्स भयो । मौसूफबाट बक्सेको संदेशमा चेम्बरले मुलुकको उद्योग, वाणिज्य क्षेत्रको विकासमा पुऱ्याएको योगदानको प्रशंसा गरिबक्सदै आगामी दिनमा आफ्नो योगदानलाई अझै प्रभावकारी बनाउन हुकुम बक्सेको थियो ।

### स्वर्ण महोत्सव शुभ-मुहुर्त समारोह

२०५९ बैशाख २ गते विहान १० बजेको शुभ साइतमा वैदिक विधिपूर्वक "नेपाल चेम्बर अफ कमर्स स्वर्ण महोत्सव वर्ष-२०५९" को शुभ-मुहुर्त समारोह सुसम्पन्न भयो ।

समारोहको प्रारम्भमा पञ्चकन्याद्वारा दीप प्रज्वलित एवं वटुकहरुमा वेदध्वनी र स्वस्ति वाचन गरियो । शंख ध्वनीका वीच चेम्बरका पूर्व संस्थापक एवं अध्यक्षहरु श्री इन्द्र भक्त श्रेष्ठ, पूर्व उपाध्यक्षहरु श्री वनवारीलाल मित्तल, श्री ईश्वर लाल श्रेष्ठ, संस्थापक एवं पूर्व उपाध्यक्ष श्री नन्द लाल घिराइयाले स्वर्ण महोत्सव तथा नेपाल चेम्बरको झण्डोत्तलन गर्नु भयो ।

सो अवसरमा स्वर्ण महोत्सव समारोह समिति एवं चेम्बरका अध्यक्ष श्री राजेश काजी श्रेष्ठले स्वर्ण महोत्सव वर्ष २०५९ का कार्यक्रमहरुको शुभारम्भ भएको उद्घोष गर्नु हुँदै यो ऐतिहासिक वर्षलाई सफल पार्न सम्पूर्ण उद्योग वाणिज्य क्षेत्रबाट सहयोग र सहभागिता प्राप्त हुने विश्वास गर्नु भयो ।

### स्वर्ण महोत्सव प्रतीक चिन्ह विमोचन

तात्कालिन प्रधानमन्त्री श्री शेर बहादुर देउवाले २०५९ बैशाख २ गते एक समारोहका वीच नेपाल चेम्बर अफ कमर्स स्वर्ण महोत्सव प्रतीक चिन्हको विमोचन गर्नु भयो । समारोह पश्चात उक्त प्रतीक चिन्ह उद्योगी व्यापारीहरुको एक भव्य जुलुशले नगरपरिक्रमा गराएको थियो ।

### अध्यक्षद्वारा रेडियो वक्तव्य

स्वर्ण महोत्सव समारोह समितिका अध्यक्ष श्री राजेश काजी श्रेष्ठले २०५९ बैशाख २ गते विहान रेडियो नेपालबाट वक्तव्य दिनु भयो । अध्यक्ष श्रेष्ठको वक्तव्य रेडियो नेपालबाट सौजन्यता स्वरुप राष्ट्रव्यापी प्रसारण गरिएको थियो । साथै वक्तव्यलाई एफ.एम. स्टेशनहरुले पनि प्राथमिकताका साथ प्रसारण गरेका थिए ।

### परिशिष्टाङ्क प्रकाशन

२०५९ बैशाख २ गते नै राष्ट्रिय दैनिक गोरखापत्र, कान्तिपुर, नेपाल समाचार पत्र, हिमालय टाइम्स, स्पेस टाइमस र राजधानीमा स्वर्ण महोत्सव परिशिटाङ्क प्रकाशित गरिएको थियो ।

### गद्दी आरोहण वार्षिकोत्सव

राष्ट्रनायक श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारबाट नेपाल अधिराज्यको राजगद्दी आरोहण गरि बक्सेको एक वर्ष सुसम्पन्न भएको पुनित अवसरमा २०५९ असार २२ गते चेम्बर सभाकक्षमा "राजसंस्था र हाम्रो कर्तव्य" विषयक प्रवचन गोष्ठीको आयोजना गरियो । तात्कालिन स्वास्थ्य मन्त्री श्री शरत सिंह भण्डारीको प्रमुख आतिथ्यमा सुसम्पन्न उक्त कार्यक्रममा राजपरिषद स्थायी समितिका सदस्य डा. स्वामी प्रपन्नाचार्यले विशेष अतिथिको रुपमा उक्त विषयमा प्रवचन दिनु भएको थियो ।



सुरेन्द्र वीर मालाकार
सदस्य-सचिव
चेम्बर स्वर्ण महोत्सव समारोह समिति

### रक्तदान कार्यक्रम

स्वर्ण महोत्सव सामाजिक सेवा कार्यक्रम अन्तर नेपाल कपडा तथा सिलाई व्यवसायी संघसंगको संयुक्त तत्वावधानमा २०५९ साउन २५ गते चेम्बर समाकक्षमा रक्तदान कार्यक्रमको आयोजना गरियो । राजपरिषद स्थायी समितिका सभापति सम्माननीय डा. केशर जंग रायमाझीको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा ८५ जना महानुभावहरुले रक्तदान गर्नु भयो । रक्तदान पश्चात चेम्बर अध्यक्ष श्रेष्ठले प्रमाण पत्र वितरण गर्नु भएको थियो ।

### स्वर्ण महोत्सव मुद्रा निष्काशन

मुलुकको चेम्बर अभियानको स्वर्ण महोत्सवलाई चिर स्मरणीय बनाउने



अभिप्रायले चेम्बरको अनुरोधमा नेपाल राष्ट्र बैंक, टक्सार विभागद्वारा रु. २००/- को स्वर्ण महोत्सव मुद्रा निष्काशन गरियो । उक्त विशेष मुद्रको २०५९ भदौ ४ गते मंगलवार चेम्बर सभा कक्षमा आयोजित एक समारोहका वीच अर्थराज्य मन्त्री श्री भरत कुमार शाहले निष्काशन तथा प्रचलनको शुभारम्भ गर्नु भयो । सो समारोहमा नेपाल राष्ट्र बैंकका तात्कालिन गभर्नर डा. तिलक रावल विशेष अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो ।

### नेपाली नोटहरुको प्रदर्शनी

२०५९ असोज २ देखि ७ गते सम्म चेम्बर सभाकक्षमा श्री जयहरि झाद्वारा संकलित शुरु देखि हालसम्मका सबै प्रकारका नेपाली नोटहरुको प्रदर्शनीको आयोजना गरियो । नेपाल राष्ट्र बैंकका तात्कालिन गभर्नर डा. तिलक रावलद्वारा उद्घाटित उक्त तीन सम्म सञ्चालन गर्ने भनिएको उक्त प्रदशनीलाई दर्शकहरुको रुचीलाई दृष्टिगत गरी ५ दिन सम्म संचालन गरिएको थियो ।

### स्वर्ण महोत्सव विशेष समारोह

राष्ट्रनायक श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल चेम्बर अफ कमर्सको स्वर्ण महोत्सव विशेष समारोहको २०५९ असोज ११ गते वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा समुद्घाटन गरिबक्स्यो । श्री ५ वडामहारानी कोमल राज्य लक्ष्मी देवी शाह उक्त विशेष समारोहमा सवारी होइबक्सेको थियो । मौसूफहरु समारोह स्थलमा सवारी होइबक्सदा चेम्बरका पदाधिकारी एवं उद्योगी व्यापारीहरुद्वारा भव्य स्वागत अभिवादन चढाइएको थियो ।

श्री ५ महाराजाधिराज सरकारबाट उक्त विशेष समारोहमा मुलुकको चेम्बर अभियानका अग्रज एवं चेम्बरको संस्थागत विकासमा उल्लेखनीय योगदान गर्नु हुने २८ जना महानुभावहरु एवं प्रतिनिधिहरुलाई पदक तथा सम्मानपत्र प्रदान गरिबक्सेको थियो । मौसूफबाट सो अवसरमा मुलुकको उद्योग वाणिज्य क्षेत्रसंग सम्बन्धित आर्थिक झलकको अवलोकन गरी बक्सनुका साथै उद्योगी व्यापारीहरुलाई दर्शन भेट बक्सेको थियो ।

श्री ५ महाराजाधिराज सरकारका जुनाफमा चेम्बर अध्यक्षले सम्पूर्ण उद्योगी, व्यापारीहरुका तर्फबाट अभिनन्दन पत्र वाचन गरी चढाउनु भएको थियो । मौसूफ सरकारमा चेम्बर अध्यक्षले विशेष उपहार पनि चढाउनु भयो । समारोहलाई तात्कालिन प्रधानमन्त्री शेर बहादुर देउवा तथा चेम्बर अध्यक्ष राजेश काजी श्रेष्ठले सम्बोधन गर्नु भएको थियो । चेम्बरका प्रथम उपाध्यक्ष जगदीश प्रसाद खेतानले मौसूफहरुको जुनाफमा स्वर्ण महोत्सव स्मृति ग्रन्थ र महासचिव सुरेश कुमार बस्नेतले कार्यक्रम पुस्तिका चढाउनु भएको थियो ।

### महिला उद्यमीहरुद्वारा उत्पादित बस्तुहरुको प्रदर्शनी

स्वर्ण महोत्सवको सुअवसरमा चेम्बरद्वारा काठमाडौं महानगरपालिका र महिला उद्यमशिलताको संयुक्त तत्वावधानमा २०५९ मंसीर २१ देखि २५ गतेसम्म काष्ठमण्डप हनुमानढोकामा महिला उद्यमीहरुद्वारा उत्पादित हस्तकला एवं घरेलु बस्तुहरुको प्रदर्शनी एवं व्यापार मेलाको आयोजना गरियो । सूचना तथा संचार मन्त्री रमेशनाथ पण्डेद्वारा उद्घाटित उक्त मेलामा ३५ स्टलहरु राखिएका थिए ।

### औद्योगिक व्यापार मेला

श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाहदेव सरकारबाट नेपाल चेम्बर अफ कमर्सको स्वर्ण महोत्सव वर्ष एवं उद्योग वाणिज्य संघ बुटवलको स्वर्णवर्ष प्रवेशको सुअवसरमा संयुक्त रुपमा बुटवलमा आयोजना गरिएको औद्योगिक व्यापार मेलाको २०५९ पुस ११ गते विशेष समारोहका बीच समुद्घाटन गरिबक्स्यो ।



समुद्घाटन समारोह पश्चात मौसूफबाट उक्त मेलामा राखिएका २३७ वटा स्टलहरुको अवलोकन गरिबक्सनुका साथै उद्योगी व्यापारीहरुलाई दर्शन भेट बक्सेको थियो । सो अवसरमा मौसूफ सरकारमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेश काजी श्रेष्ठले सम्पूर्ण उद्योगी व्यापारीहरुका तर्फबाट अभिनन्दन पत्र चढाउनु भएको थियो । पुस २१ गतेसम्म आयोजित उक्त मेलाको समापन समारोहमा तात्कालिन सूचना तथा संचार मन्त्री रमेश नाथ पाण्डेले सहभागी उत्कृष्ट स्टलहरुलाई प्रमाण पत्र प्रदान गर्नु भयो । स्वदेशी तथा विदेशी उत्पादन तथा सेवाका २३७ स्टलहरु राखिएका थिए । राजधानी बाहिर विदेशी स्टलहरुको सहभागीता रहेको यो पहिलो व्यापार मेला थियो ।

### विशेष हुलाक टिकट प्रकाशन

नेपाल चेम्बर अफ कमर्सको स्वर्ण महोत्सव वर्षको अवसरमा प्रकाशित विशेष हुलाक टिकटमा माननीय सूचना तथा सञ्चार मन्त्री रमेश नाथ पाण्डेले २०५९ चैत्र २७ गते चेम्बर सभा कक्षमा आयोजित एक समारोहका बीच प्रचलनको प्रथम दिवसीय टाँचा लगाउनु भयो ।

उक्त टिकट हुलाक सेवा विभागको फिलाटेलिक कार्यक्रम– २००३ अनुसार प्रकाशित पहिलो टिकट हो । ५ रुपियाँ दरको उक्त हुलाक टिकटको साइज २९x२९ मिलीमिटर छ । कूल १० लाख संख्या छापिएको सो टिकटमा चार रङ्गको संयोजन छ । कलाकार महेन्द्र नरसिंह राणाले डिजाइन गर्नु भएको उक्त टिकटको मुद्रण अष्ट्रियन गभर्नमेन्ट प्रिन्टिङ्ग अफिस, भियना ले गरेको हो । सो अवसरमा मन्त्री पाण्डे, चेम्बर स्वर्ण महोत्सव समारोह समितिका अध्यक्ष राजेश काजी श्रेष्ठ, स्वर्ण महोत्सव समारोह समितिका सदस्य सचिव सुरेन्द्र वीर मालाकार तथा हुलाक सेवा विभागका महानिर्देशक श्रीधर गौतमले चेम्बर स्वर्ण महोत्सवको संस्मरणात्मक हुलाक टिकटको महत्वमाथि प्रकाश पार्नु भएको थियो । स्वर्ण महोत्सवको सिलसिलामा उक्त कार्य सुसम्पन्न गर्न श्री श्याम सुन्दर अग्रवाल संयोजक, श्री शिवभगवान अग्रवाल सहसंयोजक र श्री दिपक बहादुर श्रेष्ठ, श्री नरेश दुगड, श्री द्वारिका बहादुर प्रधानाङ्ग र श्री दिनेस श्रेष्ठ सदस्य रहनु भएको हुलाक टिकट प्रकाशन समिति गठन गरिएको थियो ।

### राष्ट्रव्यापी खुला निबन्ध प्रतियोगिता

चेम्बरको स्वर्ण महोत्सव वर्षको अवसरमा आयोजित राष्ट्रव्यापी खुला निबन्ध प्रतियोगिताका विजयीहरुलाई २०६० साउन ११ गते चेम्बर सभा कक्षमा आयोजित एक समारोहमा तात्कालिन माननीय अर्थमन्त्री डा. प्रकाश चन्द्र लोहनीले प्रमाण पत्र तथा नगद पुरस्कार प्रदान गर्नु भएको थियो ।

सो अवसरमा स्वर्ण महोत्सव समारोह समितिका अध्यक्ष राजेश काजी श्रेष्ठले स्वर्ण महोत्सव अन्तर्गतका कार्यक्रमहरुलाई दीर्घकालिन महत्वका बनाउन चेम्बरले हर संभव प्रयास गरिरहेको बताउनु भएको थियो । सो अवसरमा स्वर्ण महोत्सव समारोह समितिका सदस्य सचिव तथा निवन्ध प्रतियोगिता समितिका संयोजक दुर्गानाथ शर्माले मुलुकको स्वागिंण विकाको सनदर्भमा निजी क्षेत्रको स्थान अग्रणी रहने उल्लेख गर्नु भएको थियो ।

निबन्ध प्रतियोगिता समितिका सदस्यहरुमा राष्ट्रिय समाचार समितिका महाप्रवन्धक श्री कमल प्रधान, नेपाल टेलिभिजनका समाचार महाशाखाका प्रमुख श्री राजेन्द्र देव आचार्य र इन्डिपेन्डेन्ट विजनेस न्यूज प्रा.लि.का प्रवन्ध संचालक श्री हृदय राज गौतम रहनु भएको थियो । प्रतियोगिताको निर्णायक समितिमा पूर्व माननीय श्री हिरन्य लाल श्रेष्ठ संयोजक र सदस्यहरुमा प्रा.डा. पार्थिवेश्वर प्रसाद तिमिल्सीना र अच्युत अधिकारी रहनु भएको थियो ।

निवन्ध प्रतियोगीतामा श्रीमती मनमिरा श्रेष्ठ प्रथम, श्री गोपाल कृष्ण आचार्य द्वितिय तथा सुश्री लक्ष्मी कुमारी बस्नेत तेश्रा हुनु भएको थियो ।

### स्वर्ण महोत्सव समापन समारोह

श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाहदेव सरकारका वरद बाहुलीबाट नेपाल चेम्बर अफ कमर्स स्वर्ण महोत्सवको विशेष समारोहका बीच २०६१ चैत्र २२ गते सोमबार समापन सुम्पन्न हुदैछ । मौसूफ सरकारबाट असीम निगाह बक्स भई यस किसिमको सुअवसर पाउनु समस्त उद्योगी, व्यापारीहरुलाई अत्यन्त गौरव र सौभाग्यको विषय हो । यो सुअवसरले मुलुकको समग्र चेम्बर अभियानले एउटा थप ऐतिहासिक उपलब्धी हासिल गरेको छ ।

# संगठित प्रयासका गौरवमय ५२ वर्ष



सुरेश कुमार बस्नेत
महासचिव

नेपाल चेम्बर अफ कमर्स मुलुकको उद्योग वाणिज्य क्षेत्रमा निजी क्षेत्रको पहिलो संस्था हो । राष्ट्रको सर्वाङ्गीण आर्थिक विकासबाट निजी क्षेत्रबाट संस्थागत योगदान गर्ने प्रमुख उद्देश्यका साथ यसको स्थापना भएको हो । वि.सं. २००७ को अन्त्यतिर प्रबुद्ध उद्योगी, व्यापारीहरुद्वारा गठित “वणिक मण्डल” २००९ सालमा विधिवत दर्ता भई “अखिल नोल व्यापार संघ” स्थापना भयो । सोही संस्था २०१० सालमा “नेपाल चेम्बर अफ कमर्स”मा परिणत भयो । चेम्बरले २०५९ लाई आफ्नो स्थापनाको स्वर्ण महोत्सव वर्षको रुपमा विभिन्न कार्यक्रमहरु सहित सुसम्पन्न गरेको छ ।

## चेम्बर अभियानको विस्तार र सुदृढिकरणमा योगदान

नेपाल चेम्बर अफ कमर्सको स्थापनाबाट मुलुकमा चेम्बर अभियान प्रारम्भ भएको हो । नेपाल चेम्बरको स्थापना पश्चात देशका विभिन्न औद्योगिक तथा वाणिज्य केन्द्रहरुमा उद्योग वाणिज्य संघ स्थापनाको अभियान नै संचालन भयो । मुलुकमा तीव्र हुदै गएको चेम्बर अभियानलाई संगठित रुपमा अघि बढाउन संघीय संस्थाको आवश्यकता महसुस गरी २०२२ सालमा प्रथम अधिराज्यव्यापी उद्योग वाणिज्य सम्मेलनको आयोजना गरियो । सम्मेलनले “नेपाल उद्योग वाणिज्य संघ” (हालको महासंघ) स्थापना गऱ्यो। चेम्बर अभियान अहिले मुलुकका प्रत्येक जिल्ला र प्रमुख औद्योगिक एवं वाणिज्य केन्द्रहरुमा मात्र होइन द्विराष्ट्रिय तथा विभिन्न वस्तुगत क्षेत्रमा समेत विस्तार भएको छ । नेपाल चेम्बरकै सक्रियतामा केही वर्ष अघि मात्रै नेपालमा अन्तर्राष्ट्रिय चेम्बर अफ कमर्स (आइसीसी) को राष्ट्रिय समिति पनि स्थापना भइसकेको छ । यी सबै उपलब्धीहरु नेपाल चेम्बर अफ कमर्सका लागि गौरवका विषय हुन् ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध

नेपाल चेम्बर अफ कमर्स उद्योगी, व्यापारी, व्यवसायीहरुको हक, हितको संरक्षण गर्दै उद्योग वाणिज्य लगायत समग्र आर्थिक क्षेत्रको प्रवर्द्धनमा श्री ५ को सरकारसँग सहकार्य गर्दै आएको छ । मुलुकको नीति निर्माण, कार्यान्वयन र पुनरावलोकन तीनै तहमा चेम्बरले योगदान गरिरहेको छ । चेम्बरमा हाल झण्डै दश हजार औद्योगिक, व्यापार एवं व्यावसायिक फर्म, कम्पनी तथा प्रतिष्ठानहरु आवद्ध छन् । सम्बद्ध सदस्यता ग्रहण गर्ने संघ, संस्थाको संख्या ७४ पुगेको छ । मुलुकभरका ६० वटा उद्योग वाणिज्य संघहरुसँग आपसी सहयोग सम्बन्धी सहमति पत्रमा हस्ताक्षर भइसकेको छ । परिवर्तित सन्दर्भमा बाह्य सम्बन्ध र सम्पर्कलाई प्रभावकारी एवं गतिशिल बनाउदै विभिन्न २९ वटा संघ संस्थाहरुसँग आपसी सहयोग सम्बन्धी सम्झौताहरु सम्पन्न भइ व्यापार तथा लगानी प्रवर्द्धन एवं प्रविधि हस्तान्तरणका साथै गोष्ठी, कार्यशाला, तालिम आदि क्षेत्रमा सहकार्य भइरहेको छ । अन्तर्राष्ट्रिय व्यापार मेलाहरुमा सहभागिता एवं प्रतिनिधि मण्डलहरुको आदानप्रदानलाई पनि प्राथमिकताका साथ संचालन गरिरहेको छ ।




## सामाजिक क्षेत्रमा योगदान

चेम्बरले आफ्नो क्षमता अनुसार सामाजिक सेवा क्षेत्रलाई पनि निरन्तरता दिदै आएको छ । एम्बुलेन्स सेवा संचालन, विभिन्न छात्रवृत्ति एवं उत्कृष्ट निर्यातकर्ताहरुलाई प्रोत्साहन स्वरुप सम्मान गर्ने आदि कार्यहरु भइरहेका छन् । साथै चेम्बरले प्राकृतिक प्रकोपबाट पीडितहरुलाई पनि यथासक्य सहयोग गर्दै आएको छ ।

## चेम्बरको वर्तमान दायित्व

नेपाल चेम्बर अफ कमर्स राष्ट्को सर्वाङ्गीण आर्थिक विकासका लागि सक्रिय रहेको छ । मुलुकमा सुदृढ अर्थतन्त्रको निर्माणको लागि निजी क्षेत्रको भूमिकालाई सशक्त बनाउन चेम्बर क्रियाशिल छ ।

आर्थिक क्षेत्रमा सिर्जना भएको भूमण्डलीकरणको सन्दर्भमा मुलुकको अर्थतन्त्रलाई सुदृढ बनाउन नेपालले प्रतिशपर्धात्मक क्षमता विस्तार गर्नु अनिवार्य भएको छ । पछिल्ला वर्षहरुमा मुलुकले विश्व व्यापार संगठन, विम्स्टेक जस्ता अन्तर्राष्ट्रिय तथा क्षेत्रीय आर्थिक तथा व्यापार प्रणालीहरुमा प्रवेश गरेको छ भने साफ्टा कार्यान्वयनको समय पनि नजिकिदैछ । यी सबै परिस्थितिमा मुलुकले आफ्नो प्रतिशपर्धात्मक क्षमता सुदृढ पार्न आवश्यक छ । यसका लागि निजी क्षेत्र सामु गहन जिम्मेवारी आएको तथ्यलाई चेम्बरले महशुस गरेको छ । तसर्थ निजी क्षेत्रले आफ्नो क्षमतालाई पहिचान गर्न उपयूक्त वातावरणको सिर्जना हुनु पर्छ भन्नेमा चेम्बर दृढ छ र यसका लागि प्रयासरत छ ।

## समस्या समाधानमा योगदान

उद्योग, व्यापार, राजश्व, आपूर्ति व्यवस्था आदि क्षेत्रमा बेलाबखत उत्पन्न हुने समस्याहरुको समाधानका लागि चेम्बर सदैव क्रियाशिल छ । व्यवहारिक क्षेत्रमा उत्पन्न हुने समस्याहरुको समाधानका लागि चेम्बरले उद्योगी, व्यापारी, व्यवसायी र श्री ५ को सरकारबीच समन्वय गर्ने कार्य गरिरहेको छ । सरकार र निजी क्षेत्रबीच सहकार्य गरी वैज्ञानिक, पारदर्शी र मैत्रीपूर्ण व्यवहारबाट मुलुकमा उद्योग, व्यापार व्यवसायको प्रवर्द्धन गर्ने, सोही अनुपातमा श्री ५ को सरकारको राजश्व अभिवृद्धि होस् भन्नेमा चेम्बर क्रियाशिल छ ।

**संक्षेपमा चेम्बर**

| | | |
|---|---|---|
| स्थापना | : | २००९ साल |
| रजत जयन्ती | : | २०३४ साल |
| स्वर्ण महोत्सव | : | २०५९ साल |
| साधारण सदस्य संख्या | : | १०६१ |
| सम्बद्ध सदस्य | : | ७४ |
| समझदारी पत्रमा सम्पन्न संस्थाः | | |
| स्वदेशी | | ६० |
| विदेशी | | २९ |

> आर्थिक क्षेत्रमा सिर्जना भएको भूमण्डलीकरणको सन्दर्भमा मुलुकको अर्थतन्त्रलाई सुदृढ बनाउन नेपालले प्रतिशपर्धात्मक क्षमता विस्तार गर्नु अनिवार्य भएको छ । पछिल्ला वर्षहरुमा मुलुकले विश्व व्यापार संगठन, विम्स्टेक जस्ता अन्तर्राष्ट्रिय तथा क्षेत्रीय आर्थिक तथा व्यापार प्रणालीहरुमा प्रवेश गरेको छ भने साफ्टा कार्यान्वयनको समय पनि नजिकिदैछ । यी सबै परिस्थितिमा मुलुकले आफ्नो प्रतिशपर्धात्मक क्षमता सुदृढ पार्न आवश्यक छ । यसका लागि निजी क्षेत्र सामू गहन जिम्मेवारी आएको तथ्यलाई चेम्बरले महशुस गरेको छ ।

## शहरी वातावरणका लागि सार्वजनिक–निजी साझेदारी कार्यक्रम (पीपीपीयुई)

# चेम्बर र काठमाडौं महानगरपालिकाबीच सहकार्यको नयाँ अवसर

विकास, निर्माणका कार्यमा निजी क्षेत्रलाई सहभागी गराउने नीति अन्तर्गत श्री ५ को सरकारद्वारा सन् २००२ देखि कार्यान्वयनमा ल्याइएको "पीपीपीयुई" यस वर्षदेखि काठमाडौंमा पनि लागू हुने भएको छ। काठमाडौं महानगरपालिका र नेपाल चेम्बर अफ कमर्सको सहकार्यमा कार्यान्वयन गरिने यस कार्यक्रमले यी दुई संस्था बीचको विद्यमान सुमधुर सम्बन्धलाई अझ विस्तार गर्ने सुअवसर प्रदान गरेको छ।



–बद्रीप्रसाद कोइराला

श्री ५ को सरकारले नेपाल अधिराज्यका विभिन्न शहरी क्षेत्रको वातावरण प्रवर्द्धनका लागि संयुक्त राष्ट्र सघीय विकास कार्यक्रमको सहयोगमा "शहरी वातावरणको लागि सार्वजनिक–निजी साझेदारी कार्यक्रम (पीपीपीयुई)" कार्यान्वयनमा ल्याइएको छ। विभिन्न नगरपालिका र स्थानीय उद्योग वाणिज्य संघको साझेदारीमा कार्यान्वयन हुने यो कार्यक्रमले प्रथम चरण पार गरिसकेको छ।

सन् २००२ देखि २००४ सम्म संचालित प्रथम चरणको कार्यक्रममा विराटनगर उपमहानगरपालिका तथा मोरङ्ग व्यापार संघ, भरतपुर नगरपालिका तथा नारायणगढ उद्योग वाणिज्य संघ, बुटवल नगरपालिका तथा बुटवल उद्योग वाणिज्य संघ, हेटौंडा नगरपालिका तथा मकवानपुर उद्योग वाणिज्य संघ, पोखरा उपमहानगरपालिका तथा पोखरा उद्योग वाणिज्य संघको सहभागिता रहेको बताइएको छ।

पीपीपीयुईको दोश्रो चरणको कार्यक्रम सन् २००५ देखि २००७ सम्म रहने सम्बन्धित सुत्रले जानकारी दिएको छ। यस चरणमा काठमाडौं महानगरपालिका र नेपाल चेम्बर अफ कमर्स, धुलिखेल नगरपालिका र धुलिखेल उद्योग वाणिज्य संघ, भक्तपुर नगरपालिका र भक्तपुर उद्योग वाणिज्य संघ, मेची नगरपालिका र मेची उद्योग वाणिज्य संघ तथा सिद्धार्थनगर नगरपालिका र सिद्धार्थनगर उद्योग वाणिज्य संघ उक्त कार्यक्रममा समावेश गरिने थाहा भएको छ।

स्थानीय स्वायत्त शासन ऐन–२०५५ र स्थानीय स्वायत्त शासन नियमावली–२०५६ अन्तर्गत श्री ५ को सरकारद्वारा जारी गरिएको "सार्वजनिक–निजी साझेदारी निर्देशिका–२०६१" ले स्थानीय निकायलाई निजी क्षेत्रसँग मिलेर गर्न सक्ने कार्य र क्षेत्रहरु निर्दिष्ट गरिदिएकोले विकास निर्माणका थुप्रै विषयहरुमा सहकार्य गर्न सक्ने देखिन्छ। तसर्थ आम नागरिकका लागि अत्यावश्यकीय सेवाहरु स्तरीय रुपमा प्रदान गरी साझेदारीहरुले नाफा आर्जन गर्न सक्ने संभावना स्पष्ट हुन्छ।

साझेदारी कार्यक्रम अन्तर्गत फोहरमैला संकलन, व्यवस्थापन तथा सदुपयोग, पिउने पानी, सडक, पुल, बस्ती विकास, सिंचाई, स्वास्थ्य सेवा, विद्यालय, सभागृह, बजारको पूर्वाधार विकास, ढल निकास, पार्किङ्ग सुविधा, विद्युत उत्पादन तथा वितरण, दमकल, पर्यटकीय क्षेत्रहरुको विकास आदि कार्यक्रमहरु संचालन गर्न सकिन्छ।

यसैगरी पुरातात्विक, धार्मिक तथा ऐतिहासिक महत्वका क्षेत्रहरुको विकास, एवं औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रहरुको निर्माण, व्यवस्थापन र संचालन जस्ता परियोजनाहरु पनि साझेदारी कार्यक्रम अन्तर्गत संचालन गर्न सकिने क्षेत्रहरुको रुपमा निर्देशिकामा उल्लेख गरिएको पाइन्छ। समग्रमा आम उपभोक्तालाई अत्यावश्यकीय सेवा र सुविधाहरु सुपथ र गुणस्तरीय रुपमा उपलब्ध गराई सो वापत आय आर्जन गरी दीगो विकासका लागि संचालन गर्न सकिने कार्यहरुलाई यस अन्तर्गत लिन सकिन्छ।

साझेदारी कार्यक्रम अन्तर्गत सेवा करार, व्यवस्थापन करार, निर्माण तथा हस्तान्तरण, निर्माण, संचालन तथा हस्तान्तरण, निर्माण स्वामित्वकरण, संचालन तथा हस्तान्तरण, निर्माण हस्तान्तरण र संचालन, विकास, संचालन तथा हस्तान्तरण, लिज, निर्माण, संचालन तथा हस्तान्तरण आदि माध्यमहरुद्वारा साझेदारी परियोजनाहरु संचालन गर्न सकिने प्रावधान छ।

नेपाल चेम्बर अफ कमर्स राजधानीमा स्थापित मुलुकको सबैभन्दा पहिलो उद्योग वाणिज्य संघ हो। चेम्बरले हजारौं औद्योगिक, व्यापारिक एवं व्यावसायिक प्रतिष्ठानहरुको प्रतिनिधित्व गर्दछ। चेम्बरले मुलुकको आर्थिक क्षेत्रका नीतिहरुको निर्माण, कार्यान्वयन तथा पुनरावलोकन तीनै तहमा महत्वपूर्ण योगदान दिदै आएको छ। समग्रमा भन्नु पर्दा चेम्बरले निजी क्षेत्रको जिम्मेवार प्रतिनिधि संस्थाको हैसियतले मुलुकको विकासको साझेदारको रुपमा आफ्नो भूमिका प्रशस्त र सुदृढ पार्दै आएको छ।

यसैगरी काठमाडौं महानगरपालिका नेपाल अधिराज्यको एक मात्र महानगरपालिका हो। राजधानीमा अवस्थित महानगरपालिका समेत भएकोले यसको आफ्नो छुट्टै महत्व र उत्तरदायित्व पनि छ। कालान्तरमा विकासको क्रममा मुलुकका अन्य स्थानमा पनि महानगरपालिकाहरु स्थापना हुन सक्लान् तर राजधानी शहरमा अवस्थित भएको कारणले काठमाडौं महानगरपालिकाको महत्व र उत्तरदायित्व सदैव फरक हुनेछ। यो महत्व र औचित्यको आत्मबोध गर्नु उसका लागि अति आवश्यक छ। तसर्थ कामनपाले आफ्ना प्रत्येक गतिविधि र कार्यक्रमलाई त्यसतर्फ परिलक्षित गर्नु अनिवार्य देखिन्छ। उक्त परिवेशमा राजधानीमा अवस्थित यी दुबै जिम्मेवार संस्थाहरु बीचको सहकार्यले ज्यादै महत्व राख्दछ। काठमाडौंलाई एउटा सुन्दर र व्यवस्थित राजधानी शहरको रुपमा विकसित गराउने कार्यलाई उक्त संस्थाहरुको सहकार्यले साकार रुप लिने विश्वास गर्न सकिन्छ।

काठमाडौं शहर विशेषतः मानवीय अतिक्रमणबाट ज्यादै नै आक्रान्त बन्दै जान थालेको छ। जनसंख्याको अत्याधिक चापले अव्यवस्थित बसोबास बढ्दै गरेको छ।

जनसंख्या वृद्धिका कारणले खानेपानी, बिजुली, स्वास्थ्य सेवा, सडक तथा यातायात आदि सम्पूर्ण मौजुदा भौतिक सुविधा र संरचनाहरु ज्यादै नै नपुग सावित भएका छन् भने आज पनि कतिपय क्षेत्रमा अघिल्लो शताब्दिमा निर्माण गरिएका संरचनामा निर्भर हुनु पर्ने बाध्यता छ।

काठमाडौं शहरलाई आधुनिक र व्यवस्थित राजधानी शहरको रुपमा स्थापित गराउन बृहत सोच एवं क्षमताको आवश्यकता महसुस भएको छ। यस कार्यमा काठमाडौं महानगरपालिकाको विशेष पहल एवं सक्रियता अपेक्षित छ। यो बृहत कार्यलाई मूर्तरुप दिन महानगरपालिकालाई पर्याप्त मात्रामा साधन र श्रोत उपलब्ध हुनु आवश्यक छ। त्यसैले आफ्नो साधन, श्रोत र क्षमताको सीमालाई दृष्टिगत गरी महानगरपालिकाले विकास, निर्माणका कार्यमा साझेदारी अवधारणालाई कार्यान्वयन गर्नु उपयुक्त हुनेछ।

यसैगरी राजधानी शहरलाई आधुनिक र व्यवस्थित बनाउने कार्यमा चेम्बरको जिम्मेवारी पनि कम छैन। साथै चेम्बरले आफूलाई परम्परागत गतिविधि एवं आय श्रोतहरुमा मात्र सीमित राख्नु उपयुक्त हुदैन। परिवर्तित सन्दर्भमा समय सापेक्ष रुपमा आफ्ना गतिविधिलाई नयाँ क्षेत्रमा विस्तार गरी थप आय श्रोतको मार्ग प्रशस्त गर्नु जरुरी छ। तसर्थ चेम्बर र महानगरपालिकाबीच सहकार्य भई राजधानीको विकासका लागि विभिन्न भौतिक संरचनाहरु निर्माण गरी सेवा र सुविधामा नयाँपनको अनुभूति गराउन सक्नु आवश्यक देखिन्छ। ❑

# BIMST-EC to support LDCs' capacity building

Chamber News

KATHMANDU, March 8—Although there is no revenue compensation provision for the least developed countries in BIMST-EC, Trade Negotiation Committee (TNC) will ensure that LDC countries get adequate technical assistance to enhance their capacity and enjoy level playing field in the bloc's free trade area, said the chief of the TNC.

"TNC is committed to come up with the rules and mechanisms that will serve to benefit all the countries, particularly the LDC members," Thawatchai Sophastienphong, chairman of the committee told the media.

The committee - entrusted with finalizing the free trade area accord of the bloc - is currently convening in Kathmandu to settle the provisions for 'trade in goods' - one of three in-built components of the bloc's FTA accord.

Its separate working groups, constituted to hammerout a common BIMST-EC rules of origin and dispute settlement mechanism have already commenced negotiations from Monday.

"Yesterday's meeting has helped realize consensus on certain minor issues on rules of origin," said Sophastienphong.

However, he noted that members would require to go through a series of discussions before they finalize it.

The TNC needs to finalize the FTA accord on trade-in-goods by the end of 2005, as the BIMST-EC summit has already adopted a program to enforce it from July 2006.

"Trade in goods, rules of origin (RoO) and dispute settlement mechanism are the three areas around which this third round of TNC meeting will revolve," said Sophastienphong.

Inaugurating the meeting, Secretary at the Ministry of Industry, Commerce and Supplies (MoICS) Bharat Bahadur Thapa asked the TNC to devise flexible provisions for LDCs.

"The TNC must take into account the vulnerability LDCs are exposed to because of high transit/transportation cost, poor infrastructure and weak technology transfer," said he and urged it to ensure that such vulnerability does not leave LDCs further marginalized.

NCC President Rajesh Kazi Shrestha highlighted issues like tariff and customs harmonization, sensitive list, tariff liberalization program, protection during the transition period and safeguard measures, which the TNC is still to hammer out consensus.

# ICC to addresses corporate issues

Chamber News

ISTANBUL, 18 March —Business leaders, investors and experts from across the globe will converge in Istanbul next month to share experiences on key corporate governance issues.

On 21 and 22 April, the International Chamber of Commerce (ICC) is holding a colloquium in Turkey on financial services and insurance issues. Turkey is a gateway to Asia, Eastern Europe, the Middle-East and North Africa, regions that are on their way to becoming key markets in the world for financial and insurance services.

Recent reports indicate that emerging markets, long associated with extreme boom-and-bust cycles, may finally be gaining some stability, and investors are increasingly adding emerging markets stocks to their portfolios.

Guler Manisali-Darman, an international governance expert, and author of the ICC publication Corporate Governance Worldwide said: "Despite these positive developments, governance issues continue to plague emerging markets. One of the most effective tools for making a business work is to have in place a well-established structure of governance, carefully balancing the interests of majority and minority stakeholders, enhancing transparency, and fighting corruption.

"We hope this Roundtable will help companies to implement such structures and thereby improve their corporate governance", added Ms Manisali-Darman.

The Turkish government will be represented at the highest level and leading international authorities including Dr. Dogan Cansýzlar, Chairman, Capital Markets Board of Turkey, and Professor Stavros Thomadakis, Chair of the Public Interest Oversight Board of the International Federation of Accountants, will address the participants.

# Nepal, Qatar ink labor agreement

KATHMANDU, March 21 - Giving a historic landmark to the labour relations, Nepal and Quatar have signed a labour agreement on March 21.

According to a report, Nepalese Foreign Minister Ramesh Nath Pandey and Qatari Minister for Civil Service Affairs and Housing, Sheikh Falah Bin Jassem Al-Thani signed the pact at the President's Office in Qatar.

The agreement is expected to be a milestone in the history of Nepalese foreign employment as an effective tool in safeguarding the interest of Nepalese working in Qatar.

The agreement, among others, is expected to address wage-related problems and safeguard the rights of Nepalese workers in their workplaces.

Although the doors of the Qatari court were open to victimized Nepalese prior to the signing of the agreement, justice used to be granted to such workers on humanitarian basis rather than on legal grounds.

# Pak willing to sign FTA with Nepal: Envoy Akram



Chamber News

KATHMANDU, March 10— Pakistani Ambassador to Nepal, Jamir Akram has said that Pakistani government permitted duty-free access to Nepalese tea because of the quality and popularity of Nepalese tea.

Stating that both Pakistani tea importers and Nepalese tea exporters were encouraged with the decision, Akram said that the decision of duty free market access to Nepalese tea was made as a gesture of Pakistan's willingness to sign free trade agreement (FTA) with Nepal. Envoy Akram was speaking at a farewell program organized by Nepal Chamber of Commerce on his honor.

Underling that the Pakistani government was aware of the fact that exporting Nepalese tea to Pakistan is expensive and time consuming, Akram further disclosed that the Pakistani government would think of exporting Nepalese tea by air in discounted rate.

Speaking on the occasion, NCC President Rajesh Kazi Shrestha said that the trade and diplomatic relations between Nepal and Pakistan were further deepened during the tenure of envoy Akram.



Expressing belief that the bilateral ties between the two friendly nations would take a new turn with the positive efforts of Ambassador Akram, Mr. Shrestha underlined that Nepal and Pakistan should have new approach on trade, tourism and investment sectors.

On the occasion, NCC IPP Mahesh Kumar Agawam, Vice-president duo– Jagadish Prasad Khetan and Surendra Bir Malakar, Secretary General Suresh Kumar Basnet, Treasure Man Bahadur Shrestha, office bearers of Nepal Tea Association and NCC Executive Members were also present.

# Nepal's Trade deficit declines by 3pc

Chamber News

KATHMANDU, March 23 - Total trade deficit of the country, during the first half of the current fiscal year, has declined by 3 percent.

A trade statistics of Nepal Rastra Bank (NRB) revealed that total trade deficit, during the period remained Rs 36.32 billion whereas such deficit during the same period last year was Rs 37.46 billion.

While analyzing the sectoral deficit, the trade deficit with other countries than India recorded a whopping decline of 13 percent and touched Rs 14.23 billion from last year's Rs 16.36 billion.

However, trade deficit with India, during the same period, increased by nearly 5 percent and scaled up to Rs 22.09 billion against Rs 21.10 recorded same period last year.

The total foreign trade of the country witnessed a marginal growth of almost 1.6 percent and touched Rs 91.32 billion from last year's Rs 89.92 billion.

The total trade with India recorded a healthy growth of almost 16 percent during the period to Rs 58.05 billion while third country trade dipped by 16.5 percent and remained at Rs 33.27 billion.

Based on the statistics, the share of India on country's total trade has gone up to over 63 percent from around 55 percent recorded on fiscal year 2002/03.

Meanwhile, third country's share on total trade has slipped to over 36 percent form nearly 45 percent two years ago.

The total exports of the country, during the first half, increased by 4.8 percent to Rs 27.50 billion while the total imports marginally went up to 63.82 billion from last year's Rs 63.69 billion.

Among the goods exported to India, vegetable ghee topped the list followed by textile and thread. The country exported vegetable ghee worth Rs 1.57 billion, which was 35 percent more than last year's exports.

Likewise, the total exported value of textile and thread remained at Rs 1.38 billion and Rs 1.16 billion, they were respectively 91.8 percent and 57.8 percent higher than last year's export.

Similarly, in terms of import value, petroleum products continued to remain number one goods. The total import value of oil imports went up by 34.8 percent and touched Rs 11.87 billion, which was nearly 30 percent of total imports form India.

By maintaining the normal growth of 7 percent and with the import value of Rs 2.7 billion, the imports of vehicles and parts secured the second position while medicines remained the third largest imports of the country.

The exports of garments continued to top the the list of goods exported to third countries.

Notwithstanding a whopping decline of over 35 percent, the total value of garment exports remained at Rs 3.11 billion while export of woolen carpet went up by 10 percent to Rs 2.99 billion.

# Quality goods a must for WTO benefits

Chamber News

KATHMANDU, Feb 25— Speakers at a program organized in the capital univocally stressed the need to improve quality of exports to reap maximum benefit from Rajesh Kazi Shrestha, President of Nepal Chamber of Commerce, said that the government had to listen to the private sector in matters related to economic policy and tax system.

He said that though the overall tariffs had been reduced worldwide, the major exports of Nepal still had to pay more tariffs. Shakya further added that Nepal had been benefiting from the General System of Preference (GSP) it is receiving they could establish facts about the business sector in the country and ask for protection from the government without breaking the rules of the WTO.

Dr. Bhola Chalise, former secretary at the Ministry of Industry, Commerce and




Nepal's accession to the World Trade Organization (WTO).

The speakers also said that the government and the private sector should form a dynamic partnership for the country to be able to compete in the international market and make use of the capacity building opportunities provided buy the WTO.

During his inaugural speech, Dr. Shaker Sharma, Vice-chairman of the National Planning Commission said that Nepal could take relatively more benefits from SMEs and the private sector should concentrate on their skill development.

He also said that the government was ready to transfer technology and create an investment-friendly environment for the private sector.

Shrestha also said that synergies should be created among various business associations to uphold their issues including those affecting the international market environment like market access and the use of remedy measures like safeguarding the domestic industries by limiting foreign items from entering into the country.

Presenting a wok paper entitled Accession to the WTO: Need for Capacity Building of the Private Sector, Bijendra Man Shakya, said that the private sector should press the government to make change in their favor.

Shakya said that even though the private sector had no direct access to the WTO, it could use relevant WTO rights through the government to further its issues and interest.

as a Least Developed Country (LCD).

Speaking at the program, Dr. Surendra Bhandari said that the small and medium enterprises (SMEs) which account for almost 96 percent of the industries and share about 80 percent of the GDP contributed by the industrial sector in the country hold the key to the development of the country.

He said that the SMEs need to increase production to compete in the foreign markets.

In his presentation on Future Strategy for Building Capacity for SMEs, Bhandari said that the government and the private sector should work as partners to increase research base and form a strong information bank.

He also said that the private sector would be bale to safeguard their interests only if

Supplies, said that the government had committed to certain terms on the Trade Related Intellectual Property Rights (TRIPS) when it became a member of the WTO.

Joint Secretary at the Ministry of Industry, Commerce and Supplies- Prachanda Man Shrestha said that among commitments that the government had yet to fulfill, the establishment of the information centers and training of the personnel involved in intellectual property protection would soon be executed. He also said that discussions regarding orientation of judges and lawyers had started.

The program was jointly organized by the Ministry of Industry, Commerce and Supplies and the Nepal Chamber of Commerce.

# CoM Vice-chairs serious over peace, economy

## Peace, economy main agenda: Dr. Giri

Chamber News

KATHMANDU, March 2- Vice Chairman of the Council of Ministers (CoM), Dr. Tulsi Giri has stated that the incumbent government has put restoration of peace and security, economic development and establishment of corruption-



free system high on the agenda of government works.

Talking to a delegation led by Nepal Chamber of Commerce Dr. Giri stated that restoration of sustainable peace could prosper trade and help the country to enhance other social activities.

Stating that private sector and the government should coordinate in restoration of peace and industrial development of the country, Dr. Giri said that private sector should also assist the government and play a pivotal role in addressing the supply problem of essential commodities, like seen in the recent days.

Speaking on the occasion, President of Nepal Chamber of Commerce Rajesh Kazi Shrestha said that at a time when the ongoing insurgency had negatively affected domestic and foreign investment, the government should work towards creating a conducive business environment and introduce programs, which could instill confidence in business community.

Stating that the private sector of the country was serious about restoration of sustainable peace in the country, Shrestha stressed the need to create a strong bond between the government and private sector to keep the supply of industrial raw material and construction materials intact.

He also appealed to the government to make its inspection processes, administration works and collection process of Value Added Tax (VAT) and other revenues more business friendly.

## Govt serious over economy: Bista

Chamber News

KATHMANDU, Feb 28–Vice Chairman of the Council Ministers (CoM), Kritinidhi Bista has said that the government is serious over the slow-going economic activities of the country and would take effective steps to promote the national economy.



Talking to the delegates of Nepal Chamber of Commerce, Vice-Chairman Bista said that the state would not be able to meet the economic goals without sustainable peace and economic prosperity further asking joint efforts of public and private sector for the cause of peace.

Speaking on the occasion, President of Nepal Chamber of Commerce, Rajesh Kazi Shrestha, asked the government to make effective coordination with the Nepalese private sector for the smooth supply of essential goods across the country. On the occasion, Shrestha also underscored the need of business-friendly environment by bringing special packages, which bring back the down-going business confidence in the country.

Asking government to take effective measures to supply goods, construction materials and make smooth flow of transportation, Shrestha urged the government to make business-friendly revenue investigations and launch awareness campaign for taxpayers. Apprising Bista of difficulties brought by the price increase of petroleum products and VAT ceiling, Shrestha demanded relief package for the general consumers and activate the VAT Task Force in order to revise the rate increment.

Present on the occasion were the NCC's IPP- Mahesh Kumar Agrawal, Vice-president duo- Jagadish Prasad Khetan and Surendra Bir Malakar, Secretary General- Suresh Kumar Basnet, Treasure- Man Bahadur Shrestha and NCC executive members.

Nepal Chamber of Commerce
P.O.Box: 198, Chamber Bhawan, Kantipath, Kathmandu, Nepal
Tel: 4230947, Fax: 977-1-4229998, E-mail: chamber@wlink.com.np
Website: www.nepalchamber.org

Receiver

Published by: Devendra Bhakta Shrestha, Chairman, NCC Publicity Committee
Editor: Purna Bahadur Rawal, Layout & Design: Rishi Nepal, 4468684 Printed at: Public Printing Press, Putalisadak Ph: 4418366